**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई**

**माननीय न्यायाधीश श्री प्रकाशकुमार ढुंगाना**

**आदेश**

**075-WO-0599**

**मुद्दाः- उत्प्रेषणसहितको परमादेश।**

| | |
|---|---|
| स्याङ्गजा जिल्ला साविक सातुपसल गा.वि.स. वडा नं. ८ को परिवर्तित पुतलीबजार नगरपालिका वडा नं.१३ स्थायी ठेगाना भै हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३२ बस्ने अधिवक्ता प्रकाश नेपाली........................................................................................१ | रिट निवेदक |

**विरुद्ध**

| | |
|---|---|
| व्यवस्थापिका संसद सचिवालय, सिंहदरबार, काठमाडौं..........................१<br>कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं......१<br>भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौं........................................................................................१<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार काठमाडौं...................१<br>सहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं....................................१<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, माईतीघर, काठमाडौं.......................१<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं .१<br>श्रम, रोजगार, महिला, बालबालिका तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं........................................................................१ | विपक्षी |

संस्कृती, पर्यटन तथा नागरिक उड्डयन, मन्त्रालय, सिंहदरबार, काठमाडौं.............................................................................................१

नेपाल कानून आयोग, अन्तराष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर, काठमाडौं.............................................................................................१

नेपालको संविधानको धारा ४६ र १३३(२) र (३) बमोजिम यस अदालतको असाधारण क्षेत्राधिकारभित्र दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य खण्ड एवम् आदेश खण्ड यस प्रकार रहेको छ:-

**तथ्य खण्ड**

१. म रिट निवेदक दलित समुदायको व्यक्ति हुँ। सामाजिक न्याय स्थापनार्थ विगत लामो समयदेखि कार्यरत छु। दलित समुदायको व्यक्ति भएको नाताले यस समुदाय प्रति मेरो गहिरो माया, सद्भाव तथा चिन्ता छ। यस रिट निवेदनमा म सरोकारवाला व्यक्ति हुँ।

२. नेपालका दलित समुदायहरू माथि ऐतिहासिक कालखण्डदेखि विभिन्न प्रकार र प्रकृतिका जातीय विभेद तथा छुवाछूत, बहिष्करण, अलगाव र अपमानजन्य व्यवहार गरिएको कारण आर्थिक, राजनैतिक, सामाजिक, शैक्षिक तथा सांस्कृतिक रुपमा पछाडि पारिएको वर्ग समुदाय हो। मानव विकास सुचकाङ्कमा यो समुदाय पछि छ। राज्य सञ्चालन तथा नीति निर्माण र कार्यान्वयन तहमा दलित समुदायको प्रतिनिधित्व कम छ। देशको समग्र स्थितिलाई नियाल्दा वर्तमान समयमा पनि दलित समुदायको अवस्था कमजोर रहेको देखिन्छ। विगतको राज्यको विभेदजन्य नीति तथा बहिष्करण विरुद्ध नेपालको ईतिहासमा विभिन्न समयमा भएका विभिन्न जनआन्दोलनहरू, सशस्त्र जनयुद्ध, दलित आन्दोलन, महिला आन्दोलन, मधेश आन्दोलन र आदिवासी जनजाति लगायतका आन्दोनहरूका कारण नेपालका उत्पीडित तथा सिमान्तकृत समुदायका केही हक अधिकारहरू सुनिश्चित हुने क्रममा नेपालको संविधानको धारा ४० मा दलितको हक अन्तर्गत केही मौलिक हकको व्यवस्था गरिएको छ।

३. धारा ४० मा उल्लेखित मौलिक हक कार्यान्वयनको लागि संविधान जारी भएको मितिले ३ वर्ष भित्र कानून बनाउने संवैधानिक व्यवस्था अनुसार व्यवस्थापिका

संसदले विभिन्न कानूनहरू बनाएको छ। संविधानमा उल्लेखित मानव अधिकार कार्यान्वयनको लागि नेपाल सरकारले केहि कानूनहरू जारी गरेको छ। उपरोक्त मध्ये भूमि सम्बन्धी (सातौं संशोधन) ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, जनस्वास्थ्य सेवा ऐन, २०७५ र आवासको अधिकार सम्बन्धी ऐन, २०७५ जस्ता ऐनहरू संविधानको धारा ४० को दलितको हक अन्तर्गतका मौलिक हकहरूसँग प्रत्यक्ष सरोकार राख्दछन्। हालै जारी गरिएका नयाँ ऐनहरू तथा प्रचलित कानूनी व्यवस्थाहरूको विश्लेषण गर्दा धारा ४० अन्तर्गतको संवैधानिक हकलाई कार्यान्वयन गर्नको लागि बनेका निर्वाचन सम्बन्धी कानूनहरू संविधान सम्मत देखिन्छन् तर सरकारी जागिरमा सहभागी गराउने निजामती सेवा ऐन, शिक्षण सेवा ऐन लगायतका ऐनहरू संविधानको भावाना अनुरुप देखिँदैनन्। संविधानको धारा ४०(१) को समानुपातिक समावेशी सिद्धान्त अनुसार राज्यका सबै निकायमा दलित समुदायको जनसंख्या १३.८ प्रतिशत सहभागिता तथा प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेमा निजामती सेवा र शिक्षण सेवामा ९ प्रतिशत मात्र आरक्षणको व्यवस्था गरिएको छ। उक्त व्यवस्था संविधानसँग बाझिएको कारण बदरभागी छ। संवैधानिक व्यवस्था अनुसार सरकारी रोजगारीका सबै क्षेत्र र राज्यका सबै निकाय तथा तहमा १३.८ प्रतिशत दलित समुदायको सहभागिता सुनिश्चित गर्ने गरी र गैर सरकारी क्षेत्रमा समेत दलित समुदायको प्रतिनिधित्वलाई सुनिश्चितता गर्ने गरी कानून निर्माण गर्नुपर्छ र भएका कानूनहरूलाई संसोधन गर्नुपर्छ।

४. शिक्षासँग सम्बन्धित प्रचलित ऐन, नियम तथा हाल जारी गरिएको अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले संविधानको धारा ४०(२) को संवैधानिक भावनालाई सम्बोधन गर्न सकेको छैन। उच्च शिक्षासम्म दलित समुदायले निःशुल्क शिक्षा प्राप्त गर्न पाउने र पुग्ने गरि छात्रवृतिको रकम किटान गर्ने तथा प्राविधिक तथा व्यावसायिक उच्च शिक्षा अध्यापन गर्ने शैक्षिक संस्थाले दलित विद्यार्थीको लागि विशेष व्यवस्था गर्ने गरी हाल जारी भएको नयाँ ऐन तथा प्रचलनमा रहेका शिक्षा सम्बन्धी ऐन नियम संविधानको भावना अनुसार संशोधन गरि नयाँ कानून निर्माण गर्नुपर्छ। सामाजिक सुरक्षा ऐन, २०७५ र जनस्वास्थ्य सेवा ऐन, २०७५ ले संविधानको धारा ४०(३) बमोजिम दलित समुदायको सामाजिक सुरक्षा तथा स्वास्थ्य सम्बन्धमा कहींकतै विशेष व्यवस्था गरेको छैन। धारा ४०(४) अनुरुपको व्यवस्थाको

कार्यान्वयनको लागि कुनै पनि विधेयक मसौदा भएको तथा कुनै कार्यविधी तयार गर्ने तर्फ विपक्षीहरूले तत्परता देखाएको अवस्था छैन। संविधानको धारा ४० को उपधारा (५) र (६) मा भएको भूमिहीन र आवासविहीन दलितलाई कानून बमोजिम एक पटक जमिन उपलब्ध गराउने र बसोबासको व्यवस्था गर्ने सम्बन्धी व्यवस्थाहरू कार्यान्वयन गर्नको लागि भूमि सम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न बनेको विधेयक र आवासको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयक, २०७५ संसदमा दर्ता भएका छन्। यी दुवै विधेयकले संविधानको धारा ४० को उपधारा (५) र (६) उल्लेखित संविधानको भावानालाई आत्मसाथ गरेका छैनन्। भूमिहीन दलित समुदायका व्यक्तिले जमिन पाउने कि नपाउने वा कस्तो र कति पाउने भन्ने अन्योल सृजना भएको छ। धारा ४०(७) मा दलित समुदायलाई धारा ४० द्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्ने व्यवस्था छ। यस सम्बन्धमा पनि कुनै मसौदा तथा कार्यविधी तयार भएको छैन। यसर्थ धारा ४० को मौलिक हक कार्यान्वयन गर्न तर्फ विपक्षीको कुनै चासो तथा तत्परता देखिएको छैन।

५. संविधान अधिकारको मात्र दस्तावेज नभई न्यायको दस्तावेज पनि हो। धारा ४० मा उल्लेखित मौलिक हकसँग सम्बन्धित विपक्षी मन्त्रालय तथा कानून आयोगले कानून निर्माण प्रकृयामा हेलचेक्र्याई गरेको देखिन्छ। उक्त निकायहरूबाट कार्यविभाजन नियमावलीले प्रदान गरेको कानूनी दायित्त्व अनुसार सही ढंगले कार्य गरेको र विषयवस्तुको सही ढंगले उठान गरि मसौदा विधेयक तयार पारिएको देखिंदैन। संवैधानिक दायित्त्व निर्वाह गर्नको लागि मात्र हतारमा मसौदा विधेयक निर्माण गरिएको देखिन्छ। संविधानको धारा ४० मा उल्लेखित दलितको मौलिक हकलाई कार्यान्वयन गर्नका लागि प्रयाप्त र प्रभावकारी ऐनहरू जारी गरिएका छैनन्। उक्त ऐनहरूले संविधानको भावाना र व्यवस्था अनुसार सारभुत, विशेष तथा विशिष्ठ ढंगले दलित समुदायको लागि कानूनी व्यवस्था गरेको देखिंदैन। प्रयाप्त र प्रभावकारी ऐन जारी नभएको कारण संविधानमा धारा ४० मा उल्लेखित मौलिक हकहरू कागजमा सिमित हुन पुगेका छन्। उक्त हक कार्यान्वयनका लागि यथेष्ट र प्रभावकारी कानून निर्माण नभएको कारण धारा ४०(१) मा उल्लेखित समानुपातिक समावेशी सिद्धान्त अनुसार सहभागिता तथा प्रतिनिधित्वलाई कार्यान्वयन गर्नका लागि प्रचलनमा रहेका

संविधान विपरित ऐन, कानून तथा नियमहरू बदर गर्न वा संविधानसम्मत संशोधन गर्न र धारा ४० को उपधारा (२) देखि (७) सम्म उल्लेख गरिएका मौलिक हक कार्यान्वयनको लागि एकिकृत दलित अधिकार ऐन निर्माणका लागि विपक्षीहरूको नाममा परमादेश जारी गरी पाऊँ। विपक्षीहरूका नाममा सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ बमोजिम एकिकृत दलित अधिकार ऐन निर्माणका लागि अन्तरिम आदेश जारी गरी पाऊँ भन्नेसमेत बेहोराको अधिवक्ता प्रकाश नेपालीले यस अदालतमा मिति २०७५।९।१६ मा दायर गरेको निवेदन।

६. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानून बमोजिमको आधार कारण भए सो समेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत् लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूका नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भए वा अवधि नाघेपछि नियमबमोजिम पेश गर्नू। साथै निवेदकले माग गरेको अन्तरिम आदेशको सम्बन्धमा विचार गर्दा तत्काल अन्तरिम आदेश जारी गर्नु पर्नेसम्मको आधार र कारण नदेखिएकोले माग बमोजिम अन्तरिम आदेश जारी गरी रहनु परेन। प्रस्तुत रिट निवेदनको विषयवस्तु समेतलाई विचार गर्दा चाँडो किनारा लगाउनु पर्ने प्रकृतिको देखिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार प्रदान गरी दिएको छ। नियमानुसार गर्नू भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७५।९।२२ मा भएको आदेश।

७. नेपाल कानून आयोग कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकिकरण र पुनरावलोकन गर्न तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्न नेपाल कानून आयोग ऐन, २०६३ द्वारा स्थापित निकाय हो। यस आयोगबाट अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ मस्यौदा मात्र भएको तथा उक्त ऐनको दफा २३ मा मानव विकास सूचकाङ्कको दृष्टिकोणले तोकिएको सूचकाङ्कभन्दा पछाडि परेका क्षेत्रका तोकिएका समुदाय वा आर्थिक रुपले विपन्न वा अपाङ्गता भएका नागरिकको परिवारका बालबालिकालाई सम्बन्धित स्थानीय तहले आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न तोकिए बमोजिमको मासिक छात्रवृत्ति प्रदान गर्ने व्यवस्था भएको तथा सोही ऐनको दफा ३३ मा अपाङ्गता तथा दलित

नागरिकको विशेष अधिकार अन्तर्गत उपदफा (२) मा अपाङ्गता भएका तथा विपन्न दलित नागरिकलाई शिक्षा प्राप्त गर्ने सम्बन्धमा यस ऐनमा लेखिएका अधिकारका अतिरिक्त प्रचलित कानून बमोजिम थप विशेष अधिकार प्राप्त हुनेछ भनी उल्लेख भएको छ। यसरी आयोगबाट मस्यौदा भएको विधेयकमा दलित नागरिकको शिक्षाको अधिकार सम्बन्धमा कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने उल्लेख भएको छ। नेपाल सरकारलाई आवश्यक पर्ने कानूनहरूको मस्यौदा गर्ने यस आयोगको अधिकार भए तापनि रिट निवेदनमा उल्लेखित भूमि सम्बन्धी (सातौं संशोधन) ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५, जनस्वास्थ्य सेवा ऐन, २०७५ र आवासको अधिकार सम्बन्धी ऐन, २०७५ को मस्यौदामा आयोगको संलग्नता नरहेको र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को मस्यौदा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले संघीय संसदमा पेश गरी सोमा आवश्यक परिमार्जन भई उक्त ऐन निर्माण भएकोले विपक्षीको संवैधानिक हकमा आघात पुग्ने गरी आयोगले कुनै पनि कार्य नगरेकोले यस आयोगको हकमा रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत बेहोराको नेपाल कानून आयोगको तर्फबाट मिति २०७५।१०।९ मा परेको लिखित जवाफ।

८. रिट निवेदकले रिट निवेदनमा नेपालको संविधानको धारा ४० अन्तर्गत बन्नुपर्ने ऐनहरू निर्माण भैसकेको तथ्यलाई स्वीकार गरिसक्नु भएको छ। संविधान प्रदत्त मौलिक हकको प्रचलनको लागि विभिन्न ऐनहरू कार्यान्वयनमा आइसकेका छन्। यस मन्त्रालयको हकमा संविधानको धारा ४० को उपधारा (५) को हकको प्रचलनको लागि भूमि सम्बन्धी ऐन, २०२१ मा संशोधन गरी भूमिहीन दलितलाई जमिन उपलब्ध गराउने सारवान व्यवस्था गरिसकिएको र सो ऐन अन्तर्गत बनाउनु पर्ने नियमावलीको मस्यौदा गरी स्वीकृतिको चरणमा रहेको हुँदा विपक्षीको माग दाबी सम्बोधन भैसकेको र नेपालको संविधानको धारा ४० मा उल्लिखित दलितको हकको कार्यान्वयनको लागि विभिन्न ऐनहरूमा व्यवस्था गरिएको हुँदा हाललाई एकिकृत ऐनको आवश्यकता नरहेको र त्यस्तो ऐनको आवश्यकता महशुस भएका बखत नेपाल सरकारले बनाउने नै हुँदा यस सम्बन्धमा तत्काल आदेश जारी गरी रहन नपर्ने हुँदा रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत बेहोराको नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको तर्फबाट मिति २०७५।१०।१० मा परेको लिखित जवाफ।

९. रिट निवेदकको मागदाबी सम्बन्धमा नेपालको संविधानको धारा ४० अनुसार मौलिक हकको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले कानून तर्जुमा गरी राजपत्रमा समेत प्रकाशित भई कार्यान्वयन भइरहेको, नेपाल सरकारले यस मन्त्रालयबाट समेत अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ जारी भई उक्त ऐनको दफा ३ अनुसार दलित नागरिकलाई निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने अधिकार समेतको व्यवस्था भइसकेको र अन्य मन्त्रालय वा निकायबाट सम्बन्धित विषयवस्तु समावेश गरी ऐन जारी भइसकेको हुँदा निवेदकको मागदाबी सान्दर्भिक छैन। नेपालको संविधान अनुसार संविधानको अधिनमा रही संघीय संसदलाई आफ्नो काम कारबाही र निर्णय गर्ने विशेषाधिकार रहेको संवैधानिक व्यवस्थाको विरुद्धमा प्रस्तुत रिट निवेदन परेको र एकिकृत दलित अधिकार ऐनको कार्यान्वयन भनी दाबी लिने निवेदकले असम्बद्ध र बेसरोकार निकायलाई विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत बेहोराको नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको तर्फबाट मिति २०७५।१०।११ मा परेको लिखित जवाफ।

१०. नेपालको संविधानले कानून निर्माण गर्ने कार्य मुलतः विधायिकालाई संवैधानिक अख्तियारी भित्र रही सम्पन्न गर्ने गरी सुम्पिएको छ। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले तोके बमोजिम यस मन्त्रालयले आफ्नो क्षेत्र भित्र पर्ने बिषयका कानूनको मसौदा तयार गरी विधायिकालाई उपलब्ध गराईरहेको र विधायिकाबाट पारित कानूनको अक्षरश: कार्यान्वयन गरी आएको छ। नेपालको संविधानको धारा ४० विपरितका ऐन कानून बदर वा संशोधन गरी पाऊँ भन्ने सम्बन्धमा कुनै ऐन वा त्यसको कुनै दफा संविधानसँग बाझिएको छ भने जिकिर लिने पक्षले सो कुरा स्पष्ट किसिमले प्रमाणित गर्नुपर्छ र एउटा सामान्य विवेक भएको मानिसले समेत सहजरूपमा थाहा पाउन सक्ने पनि हुनुपर्छ। अन्यथा विधायिका निर्मित कानून सामान्यत संविधानसम्मत रहेको अनुमान गर्ने गरिन्छ, हाम्रो न्यायिक अभ्यास समेत सोहि अनुसार रही आएको छ। कुनै ऐन वा नियम बाझिएको छ भनी दाबी गर्ने पक्षले दाबी गरेअनुसारको कानूनी व्यवस्था के कसरी संविधानसँग बाझिएको हो भन्ने कुरा प्रमाणित गरी अदालतलाई विश्वास दिलाउन सक्नुपर्नेमा विपक्षी रिट निवेदकले संविधानको उक्त धारासँग यो-यो ऐनको यो-यो दफा यो यति कारणले बाझेको छ भनी जीकिर लिन सक्नु भएको छैन, केवल गोलमटोल रुपमा बाझिएका ऐन कानून

बदर गर्न वा संशोधन गर्न माग गर्नु भएको देखिंदा अनुमानको भरमा दाबी लिई दायर भएको प्रस्तुत निवेदन खारेज गरी पाऊँ भन्नेसमेत बेहोराको संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको तर्फबाट मिति २०७५।१०।११ मा परेको लिखित जवाफ।

११. आवासको अधिकार सम्बन्धी ऐन, २०७५ संसदबाट पारित भैसकेको र उक्त ऐनको दफा ७(क) मा नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा घरजग्गा नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट आवासको प्रबन्ध गर्न असमर्थ रहेको व्यक्तिलाई आवास सुविधा उपलब्ध गराइने उल्लेख भएको साथै दफा ८(२) मा आवासको व्यवस्था गर्न नसक्ने अति विपन्न र वैकल्पिक व्यवस्था गर्न नसक्ने आवासविहीन व्यक्ति तथा परिवारलाई प्राथमिकताका आधारमा तोकिए बमोजिम क्रमशः आवास सुविधा उपलब्ध गराइनेछ भन्ने उल्लेख भएको त्यस्तै दफा १७(२) मा नेपाल सरकारले तोकेकोभन्दा कम वार्षिक आय गर्ने व्यक्ति तथा निजको परिवारलाई यस ऐन बमोजिमको आवासको सुविधा उपलब्ध गराउन बाधा पर्ने छैन भनि उल्लेख गरेको हुँदा आवासविहिन व्यक्तिलाई आवासको व्यवस्था गर्ने सन्दर्भमा उक्त ऐन कार्यान्वयनमा रहेको र सो बमोजिम आवश्यक नियमावली समेत तर्जुमा गरी कार्यान्वयन गर्ने सम्बन्धमा मन्त्रालय सदैव प्रयासरत रहेको छ। संविधानको धारा ४० को उपधारा (५) बमोजिम राज्यले भूमिहिन दलितलाई कानून बमोजिम एकपटक जमिन उपलब्ध गराउनु पर्नेछ भन्ने उल्लेख भएको व्यवस्था कार्यान्वयन गर्ने कार्य यस मन्त्रालयको कार्यक्षेत्र भित्र नपर्ने हुँदा यस मन्त्रालयको हकमा प्रस्तुत रिट खारेज गरी पाऊँ भन्नेसमेत बेहोराको सहरी विकास मन्त्रालयको तर्फबाट मिति २०७५।१०।११ मा परेको लिखित जवाफ।

१२. रिट निवेदकले जिकिर लिनु भएको दलितको हक कार्यान्वयनको सम्बन्धमा रिट निवेदकले जिकिर लिए जस्तो दलितको हकको सम्बन्धमा कुनै कानून नबनेको अवस्था होईन । भूमि सम्बन्धी ऐन, २०२१ लाई सातौं संशोधन गरी उक्त ऐनमा दफा ५२क थप गरी भूमिहीन दलितलाई जमिन उपलब्ध गराउने व्यवस्था गरिएको विधेयक मिति २०७५।६।२ देखि नै लागू भैसकेको छ। यसै गरी उक्त विधेयक लगायत मौलिक हकको कार्यान्वयन सम्बन्धी अन्य १६ वटा विधेयक समेत नेपालको संविधानको धारा ४७ ले निर्धारण गरेको समयसिमा भित्रै अर्थात मिति २०७५।६।२

भित्रै प्रमाणिकरण भई लागू भैसकेको अवस्था समेत भएकोले दलितको हक कार्यान्वयनको लागि समेत अझै थप कानूनी व्यवस्था गर्नुपर्ने आवश्यकता महशुस गरी नेपाल सरकारले अन्य विधेयकसमेत पेश गरेको अवस्थामा संघीय संसदबाट विधि र प्रक्रिया बमोजिम पारित हुन सक्ने नै हुँदा रिट निवेदकले यस सचिवालयलाई विपक्षी बनाई दायर गर्नु भएको प्रस्तुत रिट निवेदनमा माग गरे बमोजिमको कुनै आदेश जारी हुनुपर्ने अवस्था छैन। रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत बेहोराको व्यवस्थापिका संसद सचिवालय हाल संघीय संसद सचिवालयको तर्फबाट मिति २०७५।१०।१३ मा परेको लिखित जवाफ।

१३. नेपालको संविधानको धारा ४० को उपधारा (१) देखि उपधारा (७) सम्म दलित समुदायको समुचित विकासको लागि विभिन्न व्यवस्थाहरू रहेको छ। दलित समुदायको राज्यमा पहुँच, प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्न धारा ८४ को उपधारा (२), धारा ८६, धारा १७६ को व्यवस्था गरेको छ। संविधानको धारा २५५ मा राष्ट्रिय दलित आयोगको व्यवस्था तथा धारा २५६ मा राष्ट्रिय दलित आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। उल्लिखित संवैधानिक व्यवस्थालाई कार्यान्यवन गर्न अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३(८) ले आर्थिक रूपमा विपन्न, अपाङ्गता भएका र दलित नागरिकलाई निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने अधिकारको व्यवस्था गरेको, आवासको अधिकार सम्बन्धी ऐन, २०७५ को दफा ७ मा आवास उपलब्ध गराउने भन्ने व्यवस्था रहेको, छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ को दफा ३क. मा नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्तिमध्ये विपन्न, महिला, अपाङ्ग, जनजाति र दलित तथा तोकिएको दुर्गम क्षेत्रका व्यक्तिलाई तोकिएबमोजिम सुरक्षित गरिनेछ भन्ने व्यवस्था रहेको तथा भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२क. को उपदफा (१) मा नेपाल सरकारले भूमिहीन दलितलाई एकपटक तोकिए बमोजिम तीन वर्ष भित्र जमिन उपलब्ध गराउनेछ भन्ने व्यवस्था रहेको र रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ८ मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार प्रदान गर्न आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्दा दलित समेतलाई प्राथमिकता दिनु पर्ने व्यवस्था रहेको छ। निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी

नौ प्रतिशत उम्मेदबार बीचमा दलितलाई मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिने व्यवस्था निजामती सेवा ऐन, २०४९ ले गरेको छ। प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४, प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४, राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५, स्थानीय तह निर्वाचन ऐन, २०७३ समेतले संवैधानिक व्यवस्था बमोजिम दलितलाई राज्यका निकायमा प्रतिनिधित्व सुनिश्चित गराएको छ। दलित समुदायको मानव अधिकारको सम्मान तथा हक हितको संरक्षण र सम्वर्द्धन तथा सो समुदायको सशक्तिकरण गर्ने उद्देश्यले राष्ट्रिय दलित आयोग ऐन, २०७४ समेत जारी भएको छ। एकिकृत दलित अधिकार ऐन निर्माण गर्ने विषयको सम्बन्धमा दलित समुदायको हक हित र कल्याणको लागि पृथक-पृथक ऐनमा ऐनको प्रकृति अनुसार दलितको अधिकारसँग सम्बन्धित विषय समावेश भएको उल्लिखित कानूनी व्यवस्थाले स्पष्ट गरेको सन्दर्भमा एकिकृत दलित अधिकार ऐन निर्माणको लागि निवेदकको परमादेशको जिकिर औचित्यहीन छ। समानुपातिक समावेशी सिद्धान्त अनुसार दलितको सहभागिता तथा प्रतिनिधित्वलाई कार्यान्वयन गर्नका लागि संविधान विपरितका ऐन, कानून तथा नियमहरू बदर गर्ने जिकिर निवेदकले निवेदनमा स्पष्ट खुलाउन नसकेको हुँदा रिट निवेदन खारेज भागी छ भन्नेसमेत बेहोराको कानून न्याय तथा संसदीय मामिला मन्त्रालयको तर्फबाट मिति २०७५।१०।१७ मा परेको लिखित जवाफ।

१४. संविधान प्रदत्त मौलिक हकका सम्बन्धमा यस मन्त्रालयको कार्य क्षेत्रभित्र पर्ने विषयहरूको कानून निर्माण र संशोधन गर्ने सम्बन्धमा यस मन्त्रालय गम्भीर रहेको छ। नेपाल सरकारको कार्य विभाजन नियमावलीले तोकेको यस मन्त्रालयको क्षेत्राधिकार भित्रको विषयमा यस मन्त्रायबाट संविधान कार्यान्वयन गर्ने सम्बन्धमा कानून निर्माण नभएको भनी रिट निवेदकले स्पष्ट रूपमा उल्लेख गरेको समेत नहुँदा रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत बेहोराको नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको तर्फबाट मिति २०७५।१०।२५ मा परेको लिखित जवाफ।

१५. नेपालको संविधानले निर्देशित गरेका विषयमा आवश्यकतानुसार कानून तर्जुमा भैरहेका छन्। विपक्षीले उल्लेख गरेबमोजिम दलित अधिकार सम्बन्धमा यस मन्त्रालयको कार्यक्षेत्र भित्रका विषयमा आवश्यकतानुसार कानून निर्माण र संशोधन गर्ने विषयमा यो मन्त्रालय सचेत नै रहेको छ। दलित सम्बन्धमा भिन्दाभिन्दै वा एकिकृत कुन

रुपमा कानून निर्माण गर्ने भन्ने विषय नेपाल सरकार र व्यवस्थापिकाले आवश्यकतानुसार विचार गर्ने विषय हो। यस्तो विषयमा यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरिएको रिट खारेज गरी पाऊँ भन्नेसमेत बेहोराको संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको तर्फबाट मिति २०७५।१०।२८ मा परेको लिखित जवाफ।

१६. नेपालको संविधानको धारा ३५(१) ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हकको प्रत्याभूति गर्नुका साथै आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन भन्ने व्यवस्था गरेको हुँदा सो संवैधानिक व्यवस्था कार्यान्वयन गर्नका लागि यस मन्त्रालयले जनस्वास्थ्य सेवा ऐन, २०७५ को तर्जुमा गरी उक्त हक कार्यान्वयनको सुनिश्चितता प्रदान गरेको छ। यस मन्त्रालय अन्तर्गत संचालनमा रहेका स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूमा अध्ययन हुने विषयहरूमा दलित वर्ग समेतको विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था कार्यान्वयनमा नै रहेकोले यस मन्त्रालयको हकमा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तर्फबाट मिति २०७५।१२।१० मा परेको लिखित जवाफ।

## यस अदालतको आदेश

१७. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा रिट निवेदक अधिवक्ता प्रकाश नेपालीले यस अदालतबाट तोकि पाएको मिति २०७६।१२।१३ को तारेख गुजारी बसेको देखियो। सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ५६(१) को व्यवस्थाबाट प्रस्तुत रिट निवेदन तामेलीमा राख्न नमिल्ने यस परिस्थितिमा रिट निवेदनसहितका सम्पूर्ण मिसिल कागजात अध्ययन गरी रिट निवेदकको मागबमोजिमको परमादेश समेतको आदेश जारी गर्नुपर्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो। सो सन्दर्भमा हेर्दा प्रस्तुत रिट निवेदनमा देहायका प्रश्नहरू निरुपण गर्नुपर्ने हुन आएको छः-

१) निवेदकले उठाएको दलित समुदायको हक अधिकार सम्बन्धी प्रश्नमा सन्निहित सार्वजनिक हक र सरोकारको विषय र निवेदकको त्यसमा सार्थक सम्बन्ध रहेको देखिन्छ वा देखिंदैन। सार्वजनिक सरोकारको प्रश्नमा निवेदकले उठाएका प्रश्नहरूमा मात्र सीमित रहन जरुरी छ वा छैन।

२) नेपालमा दलित समुदायको अवस्था, इतिहास र वर्तमानमा भोग्नुपरेको विभेद, वहिष्करण र उत्पीडनको अवस्था के-कस्तो छ?

३) वर्तमान संविधानमा वर्णित नेपाल राष्ट्रको स्वरुप र संविधानका मूल मान्यता एवं समानता, विभेदहिनता, समता र सहभागिता, सामाजिक न्यायका सिद्धान्तहरूको रोहमा यो विषयलाई कसरी हेरिनुपर्छ?

४) मानव अधिकार कानूनको आलोकमा दलितहरूको अधिकारलाई कसरी हेर्न सकिन्छ? राष्ट्रिय कानूनमा त्यसको सन्देश के हुन सक्छ?

५) संविधान वर्णित छुवाछुत तथा भेदभाव विरुद्धको हक र दलितको हकले के कस्तो विषयलाई सम्बोधन गर्न खोजेको छ? यसले न्यायका कुन सिद्धान्तहरूलाई स्वीकार गर्छ?

६) संविधान वर्णित हक अधिकारको कार्यान्वयनको सन्दर्भमा पर्ने चुनौतीहरूलाई कसरी सम्बोधन गर्नु उपयुक्त हुन्छ? निवेदकको मागको सन्दर्भमा के कस्तो आदेश जारी गर्नु वाञ्छनीय हुन्छ?

१८. सर्वप्रथम **निवेदकले उठाएको दलित समुदायको हक अधिकार सम्बन्धी प्रश्नमा सन्निहित सार्वजनिक हक र सरोकारको विषय र निवेदकको त्यसमा सार्थक सम्बन्ध रहेको देखिन्छ वा देखिदैन; सार्वजनिक सरोकारको प्रश्नमा निवेदकले उठाएका प्रश्नहरूमा मात्र सीमित रहन जरुरी छ वा छैन** भन्ने पहिलो प्रश्नबारे विवेचना गरौं।

१९. निवेदकले आफूलाई दलित समुदायको व्यक्ति भएको र आफु सामाजिक न्याय स्थापनार्थ विगत लामो समयदेखि कार्यरत छु भनेको देखिन्छ। "दलित समुदायको व्यक्ति भएको नाताले यस समुदाय प्रति मेरो गहिरो माया, सद्भाव तथा चिन्ता छ। यस रिट निवेदनमा म सरोकारवाला व्यक्ति हुँ" भन्ने दाबी पनि निजले लिएको पाइन्छ। साथै दलित समुदायमाथि ऐतिहासिक कालखण्डदेखि विभिन्न प्रकार र प्रकृतिका जातीय विभेद तथा छुवाछुत, वहिष्करण, अलगाव र अपमानजन्य व्यवहार भैरहेको सन्दर्भमा नेपालको संविधानद्वारा प्रत्याभूत उनीहरूका अधिकारहरूको के-कसरी प्रभावकारीरुपमा कार्यान्वयन गर्न सकिन्छ भन्ने प्रश्न निवेदकले रिट निवेदनमा उठाएको पाइन्छ। अर्को शब्दमा, नेपालको जनसंख्याको १३.८ प्रतिशत जनताले दैनिक जीवनमा भोग्नुपरेको अन्याय र पीडाको विषयलाई निवेदनमा उठाएको

छ जुन अवश्य पनि सार्वजनिक हक, सरोकार र चासोको विषय हो; यसमा दुई मत हुनुपर्ने कारण छैन। साथै निवेदक स्वयं सोहि समुदायको व्यक्ति हुँदा निज आफैंले भोगेको र आफ्नो समुदायका लाखौं आवाजविहीन व्यक्तिहरूको जीवन गाथा र व्यथासँग सम्बन्धित विषय यहाँ प्रस्तुत गरिएको छ। त्यसैले यो विषयमा निवेदकको सार्थक सम्बन्ध रहने कुरामा समेत कुनै विवाद देखिंदैन।

२०. सार्वजनिक सरोकारको क्षेत्राधिकारलाई यस अदालतले सधैँ उदारतापूर्वक हेर्ने गरेको छ। यस बारेमा यस अदालतले पटक-पटक आफ्नो धारणा व्यक्त गरी सिद्धान्तहरू कायम गरेको छ।[1] ती सिद्धान्तहरूको पुनः उल्लेखन यहाँ जरुरी देखिंदैन। तर सार्वजनिक हक वा सरोकारको विवादमा *राधेश्याम अधिकारीको रिट निवेदनमा* व्यक्त **"खास व्यक्ति वा व्यक्तिहरूको हक वा सरोकारमा मात्र सीमित विवाद नभएर सर्वसाधारण जनता वा अर्थपूर्ण सम्बन्ध वा तात्विक सरोकार रहेको हुनुपर्ने"** भन्ने धारणा त्यसपछि पनि पटक-पटक उल्लेख हुँदै आएको छ। सो गर्दा **"सार्वजनिक सरोकार"** र **"अर्थपूर्ण सम्बन्ध"** सम्बन्धी अवधारणागत मूल मान्यताहरू यथावत कायम नै रहेको देखिन्छ। साथै "सार्वजनिक हक र सरोकारको विवादमा निवेदकको भूमिका सूचनाकर्ता एवं विषयवस्तुको छलफलमा सहजकर्ताकोसम्म हुने भएबाट निवेदनमा सोझै उठाइएको विषयसँग जोडिएका अन्य विषयमा पनि अदालत प्रवेश गर्ने र विवादहरूलाई न्यायपूर्ण रुपले सम्बोधन गर्न सक्ने नै हुन्छ" भन्ने व्याख्या पनि यस अदालतले गरेको छ[2]।

२१. प्रस्तुत रिट निवेदन कै सन्दर्भमा एउटा थप कुरा बारे पनि उल्लेख गर्नु आवश्यक देखिएको छ। सार्वजनिक सरोकारको विवादमा उपचार प्रदान गर्ने नेपालको संविधानको धारा १३३ ले यस अदालतलाई प्रदान गरेको क्षेत्राधिकारलाई सबैले गम्भीरतापूर्वक

---

[1] राधेश्याम अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत ने.का.प. २०४८ नि.नं. ४४३० पृष्ठ ८१०, भरतमणी जंगम वि. मन्त्रिपरिषद सचिवालय समेत ने.का.प. २०४९ नि.नं. ७०८८ पृष्ठ २७८, बालकृष्ण न्यौपाने वि. मन्त्रिपरिषद्समेत ने.का.प. २०५४ नि.नं. ६३९६ पृष्ठ ३३५, सिताराम अग्रवाल वि मन्त्रिपरिषद समेत ने.का.प. २०५९, नि.नं. ७१३२ पृष्ठ ६०४, प्रेमबहादुर खड्का समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को समेत ने.का.प. २०६६, नि.नं. ८०८२ पृष्ठ २६१, भिमसेन पोखरेल वि. व्यवस्थापिका संसद समेत ने.का.प. २०७० नि.नं. ८९४० पृष्ठ २१, अच्युतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत ने.का.प. २०७०, नि.नं. ८९७० पृष्ठ ३०३, द्वारिकानाथ ढुङ्गेलसमेत वि. ठूला करदाता कार्यालय समेत ने.का.प. २०७६ नि.नं. १०१६३ पृष्ठ १

[2] तुलसी सिंखडा विरुद्द प्रधानमन्त्री तथा म.प.का. समेत, ने.का.प. २०७३ नि.नं. ९८४९ पृष्ठ १२९१

लिनु र बुझ्नु पर्छ। यो क्षेत्राधिकारले निवेदकको सो विषयवस्तुसँग सार्थक सम्बन्ध र तात्त्विक सरोकार मात्र नभै गहिरो अध्ययन मनन्, विश्लेषण र निरन्तरको लगाव पनि खोज्दछ। यही कुरालाई दृष्टिगत गर्दै सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४२(२) मा सार्वजनिक हक वा सरोकारको विवादको विषयमा निरन्तर अध्ययन अनुसन्धान गरी विवाद निरोपण गर्न अदालतलाई हरसम्भव सहयोग पुऱ्याउनु पर्ने दायित्व निवेदकलाई सुम्पिएको छ। प्रस्तुत विवादमा निवेदकले तारेख छाडी बसेबाट विषयवस्तुलाई अदालतमा प्रवेश गराईसकेपछि निवेदकले थप अध्ययन र अनुसन्धान गरी अदालतलाई विवाद निरुपण गर्न सहयोग गर्नुपर्ने दायित्व निर्वाह गरेको भन्न सकिएन। तथापि निवेदक मार्फत जुन विषयलाई यहाँ उठाइएको छ, त्यो अत्यन्त गम्भीर विषय हुँदा रिट निवेदनमा उठाइएका एवं नउठाइएको भएपनि दलित समुदायको हक अधिकारसँग सम्बन्धित अन्य कैयौं सान्दर्भिक प्रश्नहरूमा प्रवेश गरी उपयुक्त निर्क्यौल निकाल्नु वाञ्छनीय देखिन्छ। सार्वजनिक सरोकारको विवादमा अदालतले त्यसो गर्न सक्दछ। निवेदकले तारिख छाडेको भनेर यो विषयलाई त्यसै छाडन मिल्ने अवस्था यहाँ देखिंदैन। नेपालको संविधानले यस अदालतउपर सुम्पेको जिम्मेवारी तथा सर्वोच्च अदालत नियमावलीको माथि उल्लिखित व्यवस्था समेतले त्यसो गर्न अनुमति दिँदैन। तसर्थ प्रस्तुत विषयमा निवेदकलाई विषयवस्तुको उठानकर्ता मानेर निवेदनमा उठाइएका तथा लिखित जवाफबाट देखिएका र अदालत आफैंले नेपालको संविधानद्वारा प्रत्याभूत दलित समुदायको हक अधिकारसँग सम्बन्धित अन्य सान्दर्भिक विषय र सरोकारवाला निकायहरूको दायित्वमा समेत एउटा स्पष्ट दृष्टिकोण प्रस्तुत गर्दै राज्यका सम्बन्धित निकायहरूको ध्यानाकर्षित गर्ने उपयुक्त न्यायिक पहलकदमी लिनु वाञ्छनीय हुने देखियो।

२२. अब नेपालमा **दलित समुदायको अवस्था, इतिहास र वर्तमानमा भोग्नुपरेको विभेद, वहिष्करण र उत्पीडनको अवस्था के कस्तो छ?** भन्ने दोस्रो प्रश्न तर्फ हेरौं।

२३. माथि नै उल्लेख गरिएको छ कि औपचारिक तथ्याङ्कहरूमा नेपालमा "दलित" समुदाय[3] को उपस्थिति कुल जनसंख्याको १३.८ प्रतिशत छ[4]। वि.सं. २०६८ सालको

[3] शुरुमा भारतमा "दलित शब्द ज्योति राव फुले र त्यस पछि डा. अम्वेडकरले प्रयोग गरेका थिए। हाल सो शव्द ब्यक्ति र समुदायको रुपमा उल्लेख गर्दा प्रयोग हुन्छ। वौद्दिक तहमा यो शब्दको उपयुक्तता बारे प्रश्नहरू छन् तापनि नेपालको सन्दर्भमा संविधानमा नै "दलित" शब्द प्रयोग गरिएको र राष्ट्रिय दलित आयोगले "हिन्दू वर्णाश्रम जाति व्यवस्था अनुसार

जनगणना अनुसार यो जनसंख्या ४१,२४,०३९ छ र यो जनसंख्या देशैभरि फैलिएर रहेको छ[5]। राष्ट्रिय दलित आयोगले नेपालमा रहेका २६ जातहरूलाई दलित भनी सुचिकृत गरेको छ[6]। सुचिकृत गर्दा आयोगले "हिन्दू वर्णाश्रम जाति व्यवस्था अनुसार वि.सं. १९१० सालको मुलुकी ऐनबाट पानी नचल्ने र छोइछिटो हाल्नुपर्ने जात जाती भनी जातीय भेदभाव एवं समाजमा अछुत मानिएका सामाजिक, आर्थिक, राजनीतिक, तथा धार्मिकरुपमा राज्यको मूलप्रवाहबाट पछाडि पारिएका जातजातिका समुदायलाई दलित वर्ग भन्ने गरिएको छ" पनि भनेको छ। जनसंख्या, त्यसको प्रतिशत र राष्ट्रिय दलित आयोगले गरेको वर्गिकरणमा संलग्न जात जाती सहितको समुदायको स्थिति समेतका दृष्टिबाट यो सानो समुदाय होइन। यति ठूलो, भौगोलिकरुपमा विस्तीर्ण र ऐतिहासिक रुपमा शोषण, दलन र वहिष्करणमा परेको तथा आर्थिक, सामाजिक रुपमा उपेक्षित समुदायको हक अधिकार र न्यायसँग सम्बन्धित विषयलाई कुनै रुपमा पनि उपेक्षा वा अनदेखा गर्न मिल्ने विषय होइन।

२४. नेपालमा दलित समुदायको अवस्थाबारे विवेचना गर्ने सन्दर्भमा इतिहास तर्फपनि केहि दृष्टि दिनुपर्ने हुन्छ। जात व्यवस्थालाई परिभाषित गर्ने र जातीय आधारमा दण्ड व्यवस्था कायम गर्ने सन्दर्भमा वि.सं. १९१० सालको मुलुकी ऐनलाई लिइए पनि नेपालमा जात व्यवस्था, जातीय विभेद र छुवाछुतको इतिहास भने अन्य दक्षिण

---

वि.सं. १९१० सालको मुलुकी ऐनबाट पानी नचल्ने र छोइछिटो हाल्नुपर्ने जात जाती भनी जातीय भेदभाव एवं समाजमा अछुत मानिएका सामाजिक, आर्थिक, राजनीतिक, तथा धार्मिकरुपमा राज्यको मूलप्रवाहबाट पछाडि पारिएका जातजातिका समुदायलाई दलित वर्ग भन्ने गरिएको छ" भनी "दलित" शब्दको परिभाषा गरेको हुँदा सो शब्दको संवैधानिक, कानूनी र सामाजिक रुपमा अन्यथा व्यवस्था नहुँदासम्म नेपालको परिप्रेक्षमा सो शब्दको प्रयोगमा विवाद गरिरहनु पर्ने आवश्यकता देखिँदैन।

[4] केहि अनुसन्धानकर्ता र सामाजिक अभियन्ताहरू नेपालमा दलित समुदायको जनसंख्याको अनुपात २०%को हाराहारिमा छ भन्छन्। जनगणनामा जाने व्यक्तिहरूले जातको तथ्याङ्क लिन छुटाउनु, कतिपय समुदायले आफुलाई दलित भन्न नरुचाउनु, त्यसै गरी कतिपय दलितहरूले अन्य जातसँग मिल्दोजुल्दो थर लेखेका कारण अन्य जातमा अभिलेखिकरण भएकोले उनीहरूलाई दलितमा गणना नगरिएको भन्ने दाबी पनि उनीहरूको छ। हेर्नुहोस, UNDP,**The Dalits of Nepal and a New Constitution,** Sept 2008 पृ. २३ https://idsn.org/uploads/media/DalitsOfNepalAndTheNewConstitution.pdf.

[5] राष्ट्रिय मानव अधिकार आयोग, **दलित समुदायको मानव अधिकारको अवस्था प्रतिवेदन** (आ.ब. २०७६।७७), २०७७ प्रतिवेदन अनुसार दलित समुदायको उपस्थिति प्रदेश नं. १ मा १०.१% प्रदेश नं. २ मा १७.२% वागमति प्रदेशमा ५.८% गण्डकि प्रदेशमा १७.४% लुम्बिनी प्रदेशमा १५.१% कर्णालीमा २३.३% र सुदुर पश्चिममा १७.३% रहेको छ।

[6] आयोगले पहाडि मुलका ७ र मधेश मुलका १९ गरी २६ जातलाई दलित भनी अनुसुचीमा सुचिकृत गरेको छ र यो प्रकृया जारी छ।

एशियाली मुलुकहरूमा जस्तै अत्यन्त पुरानो[7] र करीब-करीब एकै प्रकृतिको देखिन्छ। शुरुमा मानवको सृष्टि वा कार्य विभाजन भनिए पनि[8] श्रुति, स्मृतिका व्यवस्थाहरूलाई विभिन्न कालका शासकहरूले अरु मजबुत बनाउदै समाजमा विभेद, छुवाछुत, उपेक्षा र शोषणको परिपाटि कायम गर्ने वा त्यसलाई निरन्तरता दिने गरेको अध्ययनले देखाउछ[9]। नेपालमा पछिल्लो समयमा वर्णव्यवस्थालाई कानूनको रुपमा ढाल्ने र "छोटा बडा सबैलाई खतजात माफिकको सजाय" समेतको व्यवस्था गर्ने कार्य १९१० सालको ऐनले गरेको थियो[10]। यहि कारण समाजमा कथित उपल्लो जात र तल्लो जातको नाममा समाजको एउटा ठूलो वर्ग राजनीतिक, सामाजिक, आर्थिक विभेद, बन्चना, वहिष्करण, अपमान र उपेक्षामा परेको यथार्थ हाम्रो सामुन्ने छ। २००७ सालको क्रान्तिपछि जात अनुसारको सजाय गर्ने व्यवस्था कायम रहेन। यस्तो व्यवस्थाको अन्त्य गर्ने कार्य धैरै हदसम्म २०२० सालमा जारी भएको मुलुकी ऐनले गर्‍यो[11]। तर छुवाछुतलाई दण्डनीय बनाउने कुरामा शुरुमै खास व्यवस्था हुन सकेन।

---

[7] ऋग्वेद पुरुष सूक्त १०.९० स्लोक १३ मा भनिएको छः
ब्राम्हाणोऽस्य मुखमासित्। बाहू राजन्यः कृतः।
ऊरु तदस्य यद्वैश्यः। पद्भ्यां शूद्रो अजायत।।१३।।

[8] उदाहरणको लागि उपनिषद्मा "जन्मना जायते शूद्रः संस्काराद्विज उच्यते। वेदाभ्यासाद् भवेद्विप्र ब्रह्मजानाति ब्राह्मणः। "त्यसै गरी गीतामा "चतुर्वणम मयाकृत्या गुणकर्म स्वभावचः" भनिएता पनि स्मृतिहरूको व्यवस्थाले जातपात उच निचको कठोर व्यवस्था कायम हुन गएको भन्ने र यसमा मुलतः मनुस्मृति कारक रहेको भन्ने विद्वानहरूको मत छ। त्यसैगरी अपस्तव, वौधायन, वशिष्ट, यज्ञवल्क्य स्मृतिहरूले पनि वर्ण व्यवस्थावारे मोटामोटि रुपमा यस्तै किसिमको व्यवस्था गरेको भेटिन्छ।

[9] नेपालमा लिच्छविहरूको समयमा "चार वर्ण अठार जात", जयस्थिति मल्लको समयमा "चार वर्ण चौसठ्ठि जात" र रामशाहको समयमा "चारवर्ण छत्तिस जात" गरी हिन्दू वर्ण व्यवस्थाको वर्गीकरण गरिएको, यसले दलितलाई सधै पीधमा राखेको छुवाछुतको व्यवहार गरेको अध्येताहरूको मत छ। हेर्नुहोस, गोपाल नेपाली, रक्षाराम हरिजन, सविता कोइराला, **चमार समुदायको पहिचान र अवस्था** (काठमाडौं, समता बुक्स २०७६) पृ १७७; समाजशास्त्री चैतन्य मिश्र नेपालमा वर्ण व्यवस्था तीनवटा बाटोबाट नेपाल प्रवेश गर्‍यो भन्छन्। उनका अनुसार पहिलो बाटो भारतीय भूमिबाट नेपालको मधेशसम्म, दोस्रो बाटो लिच्छवि शासक र जयस्थिति मल्ल हुँदै उपत्यकामा र तेस्रो बाटो, बाह्रौ देखि पन्ध्रौं शताब्दीमा भारतमा मुगलहरूको प्रभुत्वसँगै महाकाली पश्चिमबाट पुर्व तर्फ आप्रवासीहरूको प्रवेशसँगै पश्चिम नेपालमा वर्णव्यवस्थाले प्रवेश गरेको र गोरखाका रामशाहको चार वर्ण छत्तिस जातको व्यवस्थाको सुत्रपात त्यसै प्रवाहमा भएको भन्छन्। हेर्नुहोस, आहुतिद्वारा लिखित **नेपालमा वर्णव्यवस्था र वर्ग संघर्ष** (समता फाउण्डेसन, दोस्रो संस्करण २०७१) मा चैतन्य मिश्र द्वारा लिखित, *दलित समस्या, राजनीति र अर्थतन्त्र* (परिचय खण्ड) पृ. २३

[10] विसं. १९१० को मुलुकी ऐनले तागाधारी, मतवाली, पानी नचल्ने छोइछिटो हाल्नु नपर्ने र पानी नचल्ने छोइछिटो हाल्नुपर्ने गरी जातको कठिन व्यवस्थाले बाँध्यो। उदाहरणको लागि हेर्नुहोस, १९१० सालको मुलुकी ऐन धर्माधिकारको महल, दंड कैद गर्नाको महल, मदपान अछुतिको महल, भातमा वोर्न्याको महल, आसौच वार्न्याको महल। हेर्नुहोस १९८४ सालमा प्रकाशित मुलुकी ऐनको प्रस्तावना।

[11] २०२० सालको मुलुकी ऐनले जात अनुसारको नभै खत अनुसारको सजाय गर्ने ब्यवस्था गर्‍यो भने छुवाछुत सम्बन्धी व्यवस्थाको अन्त्य गर्‍यो।

नयाँ मुलुकी ऐन, २०२० साल भाद्र १ गते जारी भएपनि सामाजिक र धार्मिक क्षेत्रमा तात्त्विक असर नपरेको र छुवाछुत जस्ता कुरीति समाजमा कायमै रहेबाट नेपाल अधिराज्यको संविधान २०४७ मार्फत छुवाछुतलाई दण्डनीय बनाइयो।[12] त्यसपछि मात्र मुलुकी ऐनमा **"कसैले कसैलाई जातिपातिको आधारमा छुवाछुतको भेदभावपूर्ण व्यवहार गरेमा वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्नबाट बञ्चित गरेमा एक वर्षसम्म कैद वा तीन हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुन सक्नेछ"** भन्ने व्यवस्था मुलुकी ऐनमा राखियो[13]। त्यति हुँदा हुँदै पनि सोही दफाको स्पष्टीकरण खण्डमा **"कुनै मन्दिर वा धार्मिकस्थलमा परम्परादेखि चलिआएको व्यवहारलाई भेदभावपूर्ण व्यवहार मानिने छैन"** भन्ने उल्लेख गरिएबाट कानूनले दण्डनीय घोषित गरिसकेको बिषयलाई निस्तेज बनाएको भनी तत्कालीन कानूनी व्यवस्थाको आलोचना हुने गर्छ। यो आलोचना दुई कारणले सहि रहेको देखिन्छ। पहिलो, मुलुकी ऐनमा यो व्यवस्था राखिएको दशकौंसम्म छुवाछुतको व्यवहार गरेकोमा कसैलाई कैदको सजाय भएको विरलै पाइन्छ, ऐनमा रहेको "हुन सक्नेछ" भन्ने शब्दावलीको अर्थ "नहुन पनि सक्नेछ" भन्ने जस्तो पनि लाग्न सक्ने र कसुर नै ठहरेमा पनि सामान्य जरिवाना गरिएको यथार्थताबाट सो व्यवस्थाले मुल व्यवस्थालाई निस्तेज पारेको भनी लिइएको जिकिरमा दम रहेको देखिन्छ।[14] दोस्रो, सर्वोच्च अदालत स्वयंले पनि सो **"स्पष्टीकरणले परम्परा देखि चली आएको व्यवहारलाई भेदभावपूर्ण नमानी सार्वजनिक स्थल जस्तो मन्दिर वा धार्मिकस्थलमा भेदभावपूर्ण व्यवहारलाई... भेदभावपूर्ण व्यवहार मानिने छैन भनी भेदभावपूर्ण कार्यको परिभाषा गरी मूल दफा नम्वरको दायरा संकुचित र सीमित गर्ने"..र "अपवादात्मक खण्डको रुपमा कार्य गरेको"** बाट सो व्यवस्था संविधान र मुलुकी ऐनको विपरित

---

[12]हेर्नुहोस, नेपाल अधिराज्यको संविधान २०४७, धारा ११(४) जहाँ "कुनै पनि व्यक्तिलाई जातीपातीका आधारमा छुवाछुतको भेदभाव गरिने वा सार्वजनिकस्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्नबाट बञ्चित गरिने छैन। यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ" भन्ने उल्लेख भएको छ।

[13] केहि नेपाल ऐन संसोधन गर्ने ऐन, २०४८ द्वारा थप

[14] कसुर कायम गरेपछि पनि दण्ड सयायको प्रसंगमा सक्नेछ भन्ने शव्द ऐन तर्जुमाको दृष्टिबाट पनि नौलो देखिन्छ। यतातिर यो स्थिति छ भने अर्कोतर्फ सजायलाई वाध्यात्मक बनाइयोस् भन्ने जिकिरलाई विधायिकि वुद्दिमता भनी सोझै हस्तछेप गर्न अस्वीकार गरिएको र कानूनको सुधार गर्न निर्देशनात्मक आदेश जारी भएको अवस्था छ। २०६०।४।१२ मा छुवाछुतको कसुरलाई सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ को अनुसुची १ मा राखिएपनि अदलको १० क नं.को प्रभावकारी कार्यान्वयन भएको विरलै पाइन्छ। हेर्नुहोस, रत्न बहादुर वाग्चन्द समेत वि. मन्त्री परिषद सचिवालय समेत सर्वोच्च अदालत, सार्वजनिक कल्याण सम्वन्धी पहिलो भाग(२०१५-६२) भाग ८ पृ. २८६।

देखियो भनी उद्घोष गरेको अवस्था छ[15]। विद्यमान कानूनी व्यवस्थाको अपर्याप्तता र जातीय व्यवस्थाको विद्यमानतालाई आपत्तिजनक मानेकै कारण २०५९ सालमा राष्ट्रिय दलित आयोगको स्थापना र २०६३ सालमा प्रतिनिधिसभाले नेपाललाई "छुवाछुतमुक्त राष्ट्र" घोषणा गरेको, अन्तरिम संविधानमार्फत छुवाछुत विरुद्धको हक घोषणा गर्दै छुवाछुत र जातीय भेदभावलाई दण्डनीय करार गरेको र सो विरुद्ध कानूनी प्रवन्ध समेत गरेको रहेछ भनी बुझ्न सकिन्छ[16]।

२५. उपर्युक्त ऐतिहासिक सन्दर्भ र समाजमा छुवाछुत तथा जातीय भेदभाव रहेको कुरा समेतलाई दृष्टिगत गरी वर्तमान संविधानले ऐतिहासिक भुललाई सच्याउने दृढ कोशिस गरेको छ। वर्तमान संविधान जारी हुँदाको अवस्थासम्म विद्यमान जातीय विभेद र छुवाछुतको विरुद्ध गरिएका संवैधानिक र कानूनी प्रयासहरूको जगमा उभिएर यसले दलित समुदायको समस्यालाई आर्थिक, सामाजिक, धार्मिक र सांस्कृतिक दृष्टिबाट समेत सम्बोधन गर्न खोजेको छ। यस बारेमा केहि पछि चर्चा गरिने छ तर सो पूर्व वर्तमान समयमा नेपालमा दलित समुदायको आर्थिक, सामाजिक र शैक्षिक अवस्थाको बारेमा केहि चर्चा गर्नु आवश्यक देखिन्छ।

२६. नेपालमा दलित समुदायको अवस्थाबारे विवेचना गर्ने क्रममा यो कुरा पनि स्पष्ट गर्नु जरुरी छ कि दलित समुदायको समस्या बहुआयामिक छ। लामो समयसम्म यसलाई धार्मिक वा सामाजिक समस्याको रुपमा मात्र हेरियो, तर हजारौं वर्षको विभेद र वञ्चितिकरणको कारण आर्थिकरुपमा पिंधमा परेको तथा आफ्नो मात्र संघर्षपुर्ण प्रयासले गरीविको दुश्चक्रवाट मुक्ति पाउन नसक्ने एउटा निस्चित वर्गको रुपमा देशैभर छरिएको दलित वर्गको समस्यालाई पछिल्लो समयमा आर्थिक र राजनीतिक दृष्टिबाट पनि हेर्नु आवश्यक रहेको, र त्यसरी नहेरेसम्म यस विषयमा गरिने अध्ययन अपूर्ण रहने अनुभूति हुन थालेको छ। गरीबी, अशिक्षा, बेरोजगारी, कमजोर आर्थिक हैसियत, जातीय भेदभाव र छुवाछुत, सामाजिक अन्तरघुलनमा समस्या, भूमिहीनता, राज्यका विभिन्न निकायमा न्युन उपस्थिति र सहभागिता आदि दलितहरूले भोगेका साझा समस्याहरू हुन्। यो सहि हो कि नेपाल गरीब छ; जनसंख्याको ठूलो अंशलाई

[15]मनवहादुर विश्वकर्मा विरुद्द कानून तथा न्याय मन्त्रालय समेत नेकाप २०४९ नि.नं. ४६७० पृ. १०१०।

[16] हेर्नुहोस जेष्ठ २१, २०६३ को प्रतिनिधिसभाको घोषणा; नेपालको अन्तरीम संविधान २०६३ धारा १४; जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८।

अझै पनि साँझ विहान हातमुख जोर्न मुस्किल छ तर त्यसभित्र पनि दलितहरूको वञ्चितीकरण भयावह छ। सुखी जीवनको लागि आवश्यक मानिएका केहि मानकहरू जस्तो शिक्षा, स्वास्थ्य, सम्पत्ति, रोजगारी, सरदर आयु, राज्यका संरचनामा सहभागिता आदिमा दलित समुदाय पिंधमा रहेको देखिन्छ। कृषि कर्ममा हुनेहरूको जग्गा जमिन नहुँने, अन्य रोजगारीमा हुनेहरू पनि न्युन आय आर्जन गर्न मात्र सक्षम हुने, परम्परागत पेशा गर्नेहरू प्रविधि वा बजारीकरणमा आएको परिवर्तनको कारण व्यवसायको मुल प्रवाहबाट बाहिर पर्ने र अन्ततः पेशाबाटै पलायन हुने अवस्था पर्ने र समग्रमा गरीबीको जाँतोमा निरन्तर पिसिईरहनु पर्ने यी यावत कुराहरूले दलित समुदायले भोगेको आम यथार्थलाई चित्रण गर्छन्।

२७. रिट निवेदकले दलितहरूको वर्तमान अवस्थालाई मानव विकास सुचकाङ्कको नजरबाट पनि हेर्ने कोशिस गरेको पाइन्छ[17]। यो कुरा धेरै महत्वपूर्ण छ। संविधानको धारा २५९ को उपधारा (१) को देहाय खण्ड (छ) ले अल्पसंख्यक र सीमान्तकृतको स्थितिको पुनरावलोकन गर्ने सन्दर्भमा, धारा २८१ ले महिला र दलित समुदायको विशेष अधिकारको व्यवस्थाको कार्यान्वयन र त्यसको प्रभावको सन्दर्भमा र धारा ३०६ को उपधारा (१) को देहाय खण्ड (ड) ले सीमान्तकृत समुदायको पहिचान गर्ने सन्दर्भमा समेत मानव विकास सुचकाङ्कलाई आधार मानेको छ। पछिल्लो समयमा मानव विकास प्रतिवेदनहरू कुनै पनि मुलुकको विकास, गरीबी र असमानता बुझ्ने बलियो स्रोत बनेका छन्। दलित अधिकारको कुरा गर्दा गरीबी, असमानता र विकास विहीनताको पनि कुरा गर्नुपर्ने भएबाट पनि मानव विकास प्रतिवेदन र त्यसमा सन्निहित सिद्धान्त विश्लेषणको बलियो आधार बन्न सक्छ।

---

[17] नेपाल मानव विकास प्रतिवेदन हालसम्म पाँचपटक प्रकाशित भएको पाइन्छ। पहिलो पटक सन् १९९८ मा नेपाल मानव प्रतिवेदन प्रकाशित हुँदा मानव विकासलाई केन्द्रमा राखेर विकास नीतिहरू बन्नुपर्ने कुराको सुझाव दिइएको थियो भने त्यसपछि सन् २००४ मा जारी भएको प्रतिवेदनमा सामाजिक बाधा र व्यवधानहरू हटाउने कुरालाई प्राथमिकता दिइएको थियो। त्यसैगरी सन् २००९ को प्रतिवेदनमा राज्यको रुपान्तरण र मानव विकासलाई जोडेर हेर्‍यो र यस्ले स्पष्ट शव्दमा असमानताको विध्यमानता वहिष्करण (exclusion) को कारण र परिणाम दुबै हो भन्यो। परिणामतः सामाजिक न्याय, समावेशिता, सहभागिता जस्ता अवधारणाहरू नेपालको सन्दर्भमा दीगो शान्ति र मानव विकासको लागि महत्वुपर्ण मुद्दा बने। त्यसपछि सन् २०१४ को प्रतिवेदन मानवीय सम्भावनाको साँचो खोल्ने विषयलाई केन्द्रित गरेर र त्यसपछि २०२० को प्रतिवेदन विकाशशील मुलुकको दर्जामा प्रवेश गर्ने लक्ष्यका साथ "उत्पादनमुलक रुपान्तरण र सम्बृद्धि" शीर्षकमा तयार गरिएको छ।

२८. रिट निवेदनमा सन् २०१४ को नेपाल मानव विकास प्रतिवेदनको हवाला दिंदै केहि तथ्याङ्कहरू प्रस्तुत गरिएको छ। अन्य समुदायको तुलनामा दलितहरूको स्थिति के छ भनी बुझ्नलाई यी सुचकाङ्कहरूले मद्दत गर्छन्, जसको बारेमा केहि पछि चर्चा गरिने छ। तर यस विषयमा प्रवेश गर्नुपूर्व नै के स्पष्ट गर्न जरुरी छ भने एउटा उपयोगी माध्यम हुँदा हुँदै पनि हाम्रा अदालतहरूले असमानता र विभेदको स्थिति वा हक अधिकारको प्रचलनको अवस्थाको विश्लेषण गर्न मानव विकास सुचकाङ्कको सहारा लिएको वा प्रतिवेदन हेरी र विश्लेषण गरी सार्थक निस्कर्षमा पुगेको विरलै भेटिन्छ। तर संविधानले नै सुशासन, समृद्धि, विकास र सामाजिक न्यायलाई संविधानको मुल मुद्दा बनाउदै समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको वर्तमान अवस्थामा मानव विकासका अबधारणा र सो सम्बन्धी सुचकाङ्कतर्फ समेत दृष्टि दिँदै संविधानका व्यवस्थालाई कार्यरुपमा उतार्ने प्रयास गर्नु आवश्यक देखिन्छ।

२९. दलित अधिकारबारे अध्ययन र विश्लेषणको क्रममा मानव विकास सुचकाङ्कहरू यस कारण पनि महत्वपूर्ण हुन्छन् कि वस्तुतः यी सुचकाङ्कहरूले विकासलाई अर्थतन्त्रको तहमा मात्र नभै व्यक्तिको तहमा हेर्छन्। अर्थात, यसमा विश्लेषणको इकाई व्यक्ति हुन्छ; विकासको मापन, आयको होइन कि सक्षमता र स्वतन्त्रताको उपभोगमा के कति प्रगति हुन सक्यो भन्ने आधारमा गरिन्छ। साथै, यी विकल्पहरूको के कति प्रयोग हुन सक्यो भन्ने कुरा समुदायको तहमा पनि विकास र गरीबीको मापन गर्दा हेरिन्छ। आधारभूत स्वतन्त्रता र जनताले सारभूत ठानेका विकल्पहरूको उपयोग हुन सक्यो वा सकेन भन्ने कुरालाई दृष्टिगत गरेर नै मानव विकास (Human Development) को आधार तयार गरिन्छ।

३०. मानव विकासको विषयमा अमर्त्य सेन(Amartya Sen) को ठूलो योगदान छ। विकासलाई राष्ट्रिय आयको वृद्धिसँग जोड्ने संकिर्ण सोंचबाट मुक्त भै यसलाई जनताहरूले उपभोग गर्ने वास्तविक स्वतन्त्रताको विस्तारसँग आवद्ध गर्छन् । विकासको लागि स्वतन्त्रताविहीनता (Unfreedoms) का स्रोतहरू हटाइनुपर्छ भन्ने उनको मत छ । उनको मत अनुसारः

Development requires the removal of major sources of unfreedom: poverty as well as tyranny, poor economc opponunities as well as systematic

social deprivation, neglect of public facilities as well as intolerance or overactivity of repressive states. Despite unprecedented increases in overall opulence, the contemporary world denies elementary freedoms to vast numbers-perhaps even the majority of people. [18]

३१. सेनका अनुसार गरीबी हटाउनु जति आवश्यक छ निरंकुशता हटाइनु पनि उत्तिकै जरुरी छ। स्वतन्त्रताको उपभोग गर्न पाउँदा मात्र व्यक्तिहरूले आफ्नो जीवन सुखी बनाउन चाहिने सबै अवसरहरूको उपयोग गर्न पाउँछन् जसबाट उनीहरू व्यक्तिगत विकासका सम्भावनाहरू स्वयं खोज्न सक्छन। त्यसैले व्यक्तिगत तहमा आधारभूत स्वतन्त्रताको उपयोग के कति हुन सक्यो भन्ने कुरा विकासको आधारभूत चासोको विषय हो। यहि कारणले विकासलाई आर्थिक उपार्जनबाट माथि उठाई "मानव विकास" भन्नु परेको हो भन्ने सेनको मान्यता छ। मानव विकासको सन्दर्भमा चर्चा गर्नुपर्ने अर्को कुरा के पनि छ भने विकास, गरीबी र असमानता तीन अलग-अलग तर एक अर्कासँग अन्योन्यास्रित सम्बन्ध भएका अबधारणाहरू हुन्। यी तीनवटै कुराहरू बहुआयामिक छन् र सेनको सक्षमता सम्बन्धी अबधारणाबाट प्रभावित छन्।

३२. अन्य समुदायको तुलनामा दलितहरू गरीब उपेक्षित छन् भन्ने देखाउन निवेदकले मानव विकास सुचकाङ्कको सहारा लिएको देखिन्छ, जुन गरीबीको विश्लेषणको लागि महत्वपूर्ण छ। मानव विकासको दृष्टिबाट गरीबीलाई एउटा जटिल र बहुआयामिक विषय मानिएको छ। यसलाई बुझ्नको लागि जनताका विविध विशेषता र परिस्थितिहरूलाई दृष्टिगत गरिनु आवश्यक हुन्छ। गरीबीमा परेको मानिससँग आय मात्र नहुने होइन, उसँग शिक्षा, स्वास्थ्य, सरसापट वा अरु उत्पादनमूलक स्रोत र न्याय सम्मको पहुँच र पहुँच राख्ने मौका पनि हुँदैन। भौतिक र आर्थिक असुरक्षा, भविष्यबारेको त्रास, निरन्तरको जोखिम र आत्मविश्वास हराएको, समाजबाट अवहेलित रहेको र विश्वास टुटेको अवस्था, शिक्षा, सुचना र सीपको अभावमा शोषणमा पर्ने सम्भावनाको स्थिति आदि सबै कुराहरू गरीबीसँग जोडिन्छन्। गरीबी सुखी जीवनकोलागि आवश्यक मौलिकहक र स्वतन्त्रताहरूको उपभोग गर्नमा रहने असक्षमता समेत हो। यो यस्तो अन्त्य-रहित दुष्चक्र हो जसबाट आक्रान्त व्यक्ति

---

18 See Amartya Sen, **Development as Freedom** (Oxford University Press 1999) Introduction at p 3-4

सहजरुपमा मुक्त हुन सक्दैन; समाजले आशा गरेको सृजनात्मक भूमिका पनि खेल्न सक्दैन। त्यसैले गरीबीलाई आय मात्र होइन सक्षमताको वञ्चितीकरण (deprivation of capability) सँग जोडेर हेरिनुपर्छ [19], यथार्थमा यो सक्षमताको विफलता (capability failure) हो।[20]

३३. गरीबीलाई व्यक्तिगत रुपमा मात्र नभै समुदायको तहमा पनि हेर्न सकिन्छ। यो तहमा गरीबी सम्मानपूर्ण जीवनको लागि आवश्यक पर्ने खाना, आधारभूत सेवा र सुविधाहरू प्राप्त गर्न नसकेको कारण समुदायमा सार्थक भूमिका खेल्न असमर्थ रहेको अवस्था हो[21]। गरीबी यस्तो अवस्था हो जुन उल्झनको रुपमा सम्बन्धित व्यक्ति र समुदायमा सदा रहन्छ र आपत विपत, बाढी पहिरो, आगलागी, भुकम्प ज्वालामुखी जस्ता विषम परिस्थितिमा राहत र पुनरुद्धारमा हुने भेदभावको रुपमा अरु भयावह किसिमले मुखरित हुन्छ। नेपालमा दलित समुदायको गरीबीको विषयलाई सैद्धान्तिक तवरबाट हेर्दै सन् २००८ को एउटा अध्ययनमा सयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले यसलाई "भौतिक तथा आर्थिक असुरक्षा, भविष्यको चिन्ता र निरन्तरको जोखिम" भनेको छ। यहि कारण दलितहरू सम्मानपूर्ण जीवनबाट वञ्चित भै कलात्मक सिर्जना गर्ने एवं समुदायको आर्थिक, सामाजिक र राजनीतिक जीवनमा योगदान दिने तथा आफ्ना

---

[19] The capability approach is primarily concerned with correcting this focus on means rather than on the opportunity to fulfill ends and the substantive freedom to achieve those reasoned ends....For example, if a person has a high income but is also very prone to persistent illness, or is handicapped by some serious physical disability, then the person need not necessarily be seen as being very advantaged, on the mere ground that her income is high. She certainly has more of one of the means of living well (i.e. a large income), but she faces difficulty in translating that into good living (that is living in a way that she has reason to celebrate) because of the adversities of illness and physical handicap. We have to look instead at the extent to which she can actually achieve, if she so chooses, a state of good health and wellness, and being fit enough to do what she has reason to value. See Amartya Sen, **The Idea of Justice**, (Harvard Univ. Press 2009) at p 234

[20] Adriana Conconi and Mariana Viollaz, **Poverty, Inequality and Development: a Discussion from the Capability Approach Framework**, https://www.bbvaopenmind.com/en/articles/poverty-inequality-and-development-a-discussion-from-the-capability-approach-s-framework/

[21] Peter Townsend, while defining characteristic of poverty, terms it as the inability of the community to "achieve at all or sufficiently the conditions of life–that is, the diets, amenities, standards and services which allow them to play the roles, participate in the relationships and follow the customary behaviour which is expected of them by virtue of their membership of society." See Peter Townsend, **The International Analysis of Poverty** (New York, 1993) p. 36

आफ्ना आध्यात्मिक तथा साँस्कृतिक सम्भावनाहरू हासिल गर्न असक्षम रहन्छन भन्ने धारणा पनि अध्ययनमा व्यक्त गरिएको छ।[22]

३४. मानव विकासको तेस्रो कडि अर्थात्, असमानताबारे के भन्न सकिन्छ भने गरीबी विकासको बाधक हो भने असमानता त्यसको कारण र परिणाम दुबै हो। सेनको सक्षमता सम्बन्धी अबधारणाले असमानताको पनि विश्लेषण गरेको छ, जुन समानता सम्बन्धी संवैधानिक विधिशास्त्रसँग ठ्याक्कै नमिले पनि त्यसको नजिक-नजिक छ[23]। यथार्थमा सेनको स्वतन्त्रता, न्याय र मानव विकास सम्बन्धी अबधारणाको भावभूमि पनि लोकतन्त्र र खुला अर्थव्यवस्था नै हो। सेनका अनुसार असमानता हटाउनुको लक्ष्य परिणाममा समानता सुनिश्चित गर्ने होइन कि जनता आफुले बहुमूल्य ठानेका सुख, शान्ति र समृद्धिका साधनहरू खोज्ने र प्राप्त गर्ने स्वतन्त्रता बढाउने हो। किनभने प्राप्त अवसरहरूलाई सुख, शान्ति र समृद्धिमा बदल्ने क्षमताहरू व्यक्ति-व्यक्तिमा फरक हुन्छन्। मुलुकमा स्वास्थ्य रक्षा, शिक्षा, अपराधको रोकथाम, समुदाय बीचको सम्बन्ध, सहभागिता, समावेसिता, लोकतन्त्र सामाजिक न्यायको स्थिति, विकासवादी संस्कृति आदि कुराहरूको अवस्थाले पनि सुख, शान्ति र समृद्धिको सुनिश्चिततामा फरक पार्छ।

३५. सारांशमा, मानव विकास, गरीबी र असमानता बहुआयामिक र जनता केन्द्रित अबधारणा हुन्। यी सबैले फरक-फरक तरिकाले जनताको सुख र शान्ति (Wellbeing) मा केन्द्रित रहदै सक्षमताको विकासमा जोड दिन्छन्। मानव विकास भनेको व्यक्तिहरूका सक्षमताको अभिवृद्धि हो; गरीबी सक्षमताहरूको वञ्चितीकरण हो भने असमानता भनेको यिनै सक्षमताहरूको पहिचान र छनौट गर्ने क्षमता र स्वतन्त्रतामा रहेको असमानता हो।[24]

३६. प्रस्तुत विवादमा विकास, गरीबी र असमानताबारे यति कुरा भन्नुपरेको कारण दलितहरू गरीबीमा पिल्सिएका छन् वा असमानता र वञ्चितीकरणमा परेका छन् वा विकासको लाभ लिन सकेका छैनन् भनेर मात्र होइन कि उनीहरूले संविधानद्वारा प्रत्याभूत हकहरू कसरी उपभोग गर्न सक्छन् वा उपभोग गर्न सक्ने बनाउन राज्य वा

---

[22] UNDP, The Dalits of Nepal and a New Constitution, (Kathmandu Sept 2008) at p 2

[23] यसो किन भन्नुपरेको हो भने सारभूत समानताले पहुँच र परिणाम दुवैमा समानता खोज्छ।

[24] Adriana Conconi and Mariana Viollaz, supra note 20

नागरिकको तहबाट के-कस्तो जिम्मेदारी निर्वाह गरिनुपर्छ भनी बुझ्न र बुझाउन सजिलो होस् भनेर पनि हो। साथै मानव विकासको सहारा लिई गरिने विकास, गरीबी र असमानताको चर्चाले संविधानद्वारा परिकल्पित विकास, गरीबी निवारण वा समानता, विभेदहिनता, समावेशिता, सहभागिता र सम्मानको उपयुक्त भाष्य निर्माण गरी व्यक्ति र समुदायको तहमा पुर्‍याउन र राज्यको तहमा संविधान परिकल्पित समाजवाद उन्मुख राज्यव्यवस्था कायम गर्दै सर्वोतोमुखि र दीगो विकासको मार्गमा अघि बढ्न यसले मद्दत गर्छ भन्ने विश्वास गरिएकोले पनि हो।

३७. उपर्युक्त सैद्दान्तिक चर्चापछि अब दलितहरूको अवस्थाबारे हेर्दा रिट निवेदकले सन् २०१४ को नेपाल मानव विकास प्रतिवेदनबारे उल्लेख गरेको कुरा तर्फ फर्कौं। उनी "सन् २०१४ को मानव विकास सुचकाङ्कको तथ्याङ्क अनुसार पहाडि दलितको गरीबी ४३.६ र तराई दलितको ३८.२ रहेको र दलितको स्थान ०.४३४ रहेको छ, ब्राह्मण क्षेत्रीको ०.५३८ रहेको छ" भन्छन्। यथार्थमा यो तथ्याङ्क केहि अपुरो, तर सहि छ। सन् २०१४ को नेपाल मानव विकास प्रतिवेदनले जातीय विभेद र असमानतालाई पनि दृष्टिगत् गर्दै मानव विकास सुचकाङ्क प्रस्तुत गरेको छ। प्रतिवेदनका अनुसार मानव विकासको इन्डेक्समा समग्र देशको स्थिति ०.४९० छ जबकि जातीयताको आधारमा हेर्दा सबै ब्राह्मण क्षेत्री (पहाड तराई सबै गरी) ०.५३८, मधेशी अन्य जातको ०.४६० र सबै दलितहरूको ०.४३४ (पहाडे दलितको ०.४४६ र तराईका दलितको ०.४००) नेवार समुदायको ०.५६५ र नेवार बाहेक सबै जनजातिको ०.४८२ र मुसलमानको ०.४२२ उल्लेख भएको छ। प्रतिवेदनमा कुन समुदाय कति प्रतिशत गरीब छ भनी व्यक्तिको तह (head count rate) मा पनि हेर्ने कोशिष गरिएको छ। यस अनुसार नेपालीको सालाखाला गरीबी २५.२ प्रतिशत छ भने पहाडे ब्राह्मण र नेवारहरूमा गरीबी सबैभन्दा कम अर्थात् १०.3% देखिन्छ। अर्कोतर्फ पहाडे दलितको गरीबी ४३.६% र तराईका दलितको गरीबी ३८.२% देखिन्छ।[25] यस दृष्टिबाट हेर्दा दलितहरू अन्य समुदाय भन्दा मानव विकास सुचकाङ्कमा निकै पछि रहेको प्रतिवेदनले देखाउँछ। यद्दपि सन् २०२० को मानव विकास प्रतिवेदनले जातियताको आधारमा तथ्याङ्क उपलब्ध गराउँदैन तर यसले समाजमा विद्यमान असमानतालाई मध्यनजर गर्दै तुलनात्मक तथ्याङ्क

[25] UNDP, **Nepal Human Development Report** 2014 at p p 13,17-18

उपलब्ध गराएको छ, जस अनुसार नेपालको सालाखाला मानव विकास स्थिति (HDI) ०.५८७ छ भने असमानतालाई आधार मान्दा मानव विकासको स्थिति (HDI) ०.४३९ हुन आउँछ। प्रतिवेदन अनुसार यी दुई सुचकाङ्कहरू बीचको फरकले असमानताको खाडललाई संकेत गर्छ[26]। दुई सुचकाङ्क बीचको फरक (Gap) तथा दलित समुदाय असमानताले पिल्सिएको वर्तमान परिस्थिति र अवस्थालाई हेर्दा यो समुदाय मानव विकास सुचकाङ्कमा पींधमा रहेको सहजै अनुमान गर्न सकिन्छ।

३८. रिट निवेदकले उल्लेख गरेदेखि बाहेक दलितहरूको आर्थिक, सामाजिक र शैक्षिक स्थितिलाई देखाउने अन्य तथ्याङ्कहरू पनि सार्वजनिक रुपमा उपलब्ध छन्। उदाहरणको लागि २०६८ सालको जनगणना अनुसार राष्ट्रिय रुपमा नेपालीहरूको साक्षरता दर ६५.९ प्रतिशत रहँदा दलितहरूको साक्षरता दर ५२.४ प्रतिशत मात्र छ, त्यसमा पनि तराईमा रहने दलितहरूको साक्षरता दर त ३४.५ प्रतिशत र दलित महिलाहरूको साक्षरता दर ४५.५ प्रतिशत मात्र छ [27]। अध्ययनहरूले दलित विद्यार्थीहरूले भोग्नुपरेको क) प्रत्यक्ष विभेदको कारण बीचैमा पढाई छाडनुपरेको अवस्था, ख) संरचनागत विभेदका कारण पढाईका स्रोत साधन र शैक्षिक सामाग्रीमा पहुँचमा बाधा, ग) व्यवस्थापन समितिको मौन विभेदका कारण दलित विद्यार्थीउपर सहपाठि, शिक्षक, अभिभावक र व्यवस्थापन समिति समेतबाट हुने हेलत्व, विभेद र अपहेलनाजन्य व्यवहारमा कारवाई नहुने स्थिति, घ) पाठ्यक्रम, पाठ्यपुस्तकमा र पढाईमा शिक्षकहरूबाट दलितहरूलाई होच्याउने शब्दावली र दृष्टान्त प्रयोग हुनु एवं दलितहरूको पेशा, संस्कृति र सीपलाई सम्मानपूर्वक व्यवहार नगरिनुलाई शैक्षिक पछौटेपनको कारण मानेका छन्।[28]

३९. गरीबी र भूमिहिन अवस्था दलितहरूले बेहोर्नु परेको अर्को आम समस्या हो। अध्ययनहरूले नेपालमा अधिकांश दलितहरू गरीब रहेको देखाएका छन्। तथ्याङ्कमा

---

[26] The Report states: The IHDI is equal to the HDI if there is no inequality among people, but is less than the HDI if inequality is present. The diference between the HDI and IHDI, expressed as a percentage, measures the loss in potential human development due to inequality. Nepal experiences a 25% loss in HDI due to inequality. See UNDP, Nepal Human Development Report 2020 at p 18-19

[27] राष्ट्रिय मानव अधिकार आयोग, दलित समुदायको मानव अधिकारको अवस्था प्रतिवेदन (आ.व. २०७६।०७७) पृ ११; दलित भित्रै पनि तराईका दलित र त्यसमा पनि मुसहर आदि केहि समुदायक र महिलाहरू शैक्षिकरुपमा अरु उपेक्षित देखिन्छन, हेर्नुहोस कृष्ण भट्टचन, पूर्ववत पृ २६।

[28] कृष्ण भट्टचन, पूर्ववत पृ २६ विध्यानाथ कोइरालालाई उद्‌धृत गर्दै।

भन्नुपर्दा, औसत गरीबीको रेखा मुनि रहेका जनसंख्या १८.७ प्रतिशत छ तर अझैपनि ४२ प्रतिशत दलितहरू गरीबीको रेखामुनि छन्। त्यसैगरी पहाडमा १५.३२ प्रतिशत र तराईमा ४४ प्रतिशत दलितहरू भूमिहिन रहेको भन्ने देखिएको छ[29]। मुलुकको अर्थतन्त्र अझैपनि कृषिमा आधारित रहेको परिस्थितिमा भूमिहिन अवस्थाले प्रत्यक्षरुपमा कुपोषण, भोकमरि तथा परोक्षरुपमा विभेद, वञ्चितीकरण एवं शक्तिहिनताको निरन्तरतालाई संकेत र परिपुष्टि गर्छ। भूमिहीन भएकै कारण हलिया, कमैया, कम्लरी हरूवा, चरुवा, वालिघरे, डोली, सिनो खाने, सिनो फ्याँक्ने, वेठवेगारी, र कट्वाली, चौकिदारी (तराईमा) जस्ता अपहेलनाजनक, दासताजन्य कार्यहरूमा दलितहरू पर्छन्[30]। गरीबी, उपेक्षा र आधारभूत सेवावाट वन्चित रहेकै कारण दलितहरूको आयुमा पनि प्रतिकुल असर परेको, राष्ट्रियरुपमा नेपालीहरूको औसत आयु ६८.८ वर्ष रहँदा दलितहरूको औसत आयु ५८ बर्ष मात्र रहेको पाइन्छ। सहभागिता र समावेशिताको सवालमा पनि दलितहरूले उपेक्षा बेहोर्नुपरेको अवस्था छ। संवैधानिक व्यवस्थाका कारण राजनीतिक पहुँच वढेको भएतापनि सरकारी सेवामा दलितहरूको सहभागिता २ प्रतिशत मात्र रहेको अध्ययनहरूले देखाएका छन्।[31]

४०. यद्दपि माथि उल्लेखित तथ्याङ्कहरू केहि वर्ष पहिलेका हुन्; नयाँ जनगणनाबाट प्राप्तहुने तथ्याङ्कहरूले केही सकारात्मक र फरक तस्वीर प्रस्तुत गर्न सक्छन्। तर हालसम्मको स्थिति हेर्दा शिक्षा, रोजगारी, आय आर्जन र भूमि माथिको स्वामित्वमा दलितसमुदायको अवस्था अन्य समुदायको तुलनामा दयनीय छ भन्ने कुरा यी तथ्याङ्कहरूले विवादरहित रुपमा पुष्टि गर्छन्। रंङ, जाति, धर्म एउटै हुँदाहुँदै पनि, संस्कृति र परम्परा उस्तै हुँदाहुँदै पनि पहाडि वा मधेशी दुवै समुदायका दलित विभेद, अपहेलना, वञ्चितीकरण तथा शक्तिशाली समुहको चेपुवामा परेको अवस्था छ। उनीहरू आफ्नै धर्ति भित्र लुकेको/छेकिएको रंगभेद (Hidden apartheid) को शिकार

---

[29] राष्ट्रिय मानव अधिकार आयोग, दलित समुदायको मानव अधिकारको अवस्था प्रतिवेदन (आ.व. २०७६।०७७) पृ ११ कृषि भुमिहिनहरूको परिभाषा अनुसार पहाडमा ७७% र तराईमा ९०% भुमिहिन अवस्थामा रहेका छन। हेर्नुहोस ऐ पृ. १३ (नेपालको जीवनस्तर सर्वेक्षण २०११ लाई आधार गर्दै)

[30] See Kathmandu Declaration on Dalit Rights excerpts in UNDP, The Dalits of Nepal and a New Constitution, Sept 2008 at p 10-11

[31] राष्ट्रिय मानव अधिकार आयोग, दलित समुदायको मानव अधिकारको अवस्था प्रतिवेदन (आ.व. २०७६।०७७) पृ ११-१४ (विभिन्न प्रतिवेदनहरूलाई आधार गर्दै)

बनेको भनी गरिएको विश्लेषण तथ्य र तथ्याङ्क रहित छ भन्न सकिने अवस्था छैन।

४१. सामाजिक विभेदको चर्चा गर्दा छुवाछुत र त्यसद्वारा सिर्जित उपेक्षा, हेलत्व र वञ्चितीकरणबारे विशेष चर्चा गरिनुपर्छ। छुवाछुतकै कारण सैयौं वर्ष देखि दलितहरूले गरीबी र सम्मानविहनताको स्थिति बेहोर्नु परिरहेको छ। छुवाछुत उन्मुलन गरेको दशकौं भैसक्दा र यसलाई दण्डनीय बनाइसक्दा पनि धर्म, प्रथा वा परम्पराको नाममा छुवाछुत र जातीय विभेदका घटनाहरू घटिरहेका छन्; अपहेलना र उपेक्षाको सिलसिला जारी छ। घर, मन्दीरमा पस्न नदिने, धारा पानी छुन नदिने, होटल रेस्टुँरा वा गाउँघरका चिया पसलमा सजिलो र सम्मानपूर्वक व्यवहार नगर्ने, छोइछिटो गर्ने, दुध दहि, घिउ र खाध्य सामाग्रीको किनबेचमा छुवाछुत गर्ने सजिलोसँग खरिद बिक्री नगर्ने वा गर्न नदिने, अन्तरजातीय प्रेम सम्बन्ध र विवाहलाई तिरस्कार गर्ने, स्वीकार नगर्ने, भोज भतेर, दाहसंस्कार काज किरियामा विभेद गर्ने, स-सानो निहुँमा हिंसामा उत्रने आदि कुराहरू अहिले पनि भैरहेका छन्[32]। परिस्थिति यस्तो छ; "आज कानूनका पुस्तकमा छुवाछुत कतै भेटिँदैन, तर यथार्थ जीवनमा छुवाछुत ज्युँकात्युँ छ"[33] भन्न सकिन्छ। छुवाछुत र उँच-निचको व्यवहार सामाजिक मनोविज्ञानमा यसरी गडेर रहेको छ कि कतिपय अवस्थामा दलित समुदाय भित्र पनि छुवाछुत र उँच-निचको व्यवहार गरिएको पाइन्छ[34]। यो अवस्य पनि हो कि छुवाछुत र विभेदमा हिन्दु धर्मको हात छ तर गैर-हिन्दु समाजमा पनि छुवाछुत र जातीय विभेद कायम रहेको दृष्टान्त नेपाल लगायतका दक्षिण एशियाली मुलुकहरूमा पाइएबाट छुवाछुत हिन्दु धर्मद्वारा सृजित सामन्तवादी सोंचको अन्तरधार्मिक प्रभाव र वर्चस्व तथा लहरजन्य प्रभाव (Ripple Effect) वा अन्य धार्मिक समूहको सामाजिक तह स्वपानमा सृजना गरेको साँस्कृतिक, सामाजिक कुप्रथा एवं रुढिगत मनोविज्ञानको अबशेष रहेछ भन्नु पर्ने

[32] एक्सन एड नेपालले गरेको एउटा अध्ययनले नेपालमा जातीय विभेद र छुवाछुतका २०५ व्यवहारहरू पाइएको वताएको छ, हेर्नुहोस Krishna Bhattachan, *Background Paper on Dalit Issues,* in **The Dalits of Nepal and a New Constitution**, (Kathmandu Sept 2008) at p 25

[33] आहुति, **नेपालमा वर्णव्यवस्था र वर्ग संघर्ष,** (समता फाउण्डेसन, दोस्रो संस्करण २०७१) पृ ११७

[34] दलित समुदाय भित्र पनि उपल्लो र तल्लो जातका दलित भनी छुवाछुत र विभेद व्यवहार हुन्छ भन्ने मत छ। हेर्नुहोस Krishna Bhattachan, *Background Paper on Dalit Issues,* in **The Dalits of Nepal and a New Constitution**, (Kathmandu Sept 2008) at p 23

देखिन्छ[35]। यसले राजनीतिक वा सामाजिक सहभागिता, विकासमा साझेदारी र समानता र सम्मान र न्यायको अभिलासामा प्रतिकुल असर पारिरहेकै छ। संक्षेपमा, दलित समुदायको वर्तमान अवस्थाबारे कुरा गर्दा जातपातमा आधारित विभेदपूर्ण व्यवस्थाको कारण राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक लगायत राष्ट्रिय जीवनका समग्र पक्षमा उनीहरू सीमान्तिकरणमा परेको स्थिति छ। यी समग्र पक्षहरूमा अर्थपूर्ण र रुपान्तरणकारी हस्तक्षेप नगरेसम्म समानता, सम्मान र सहभागिताको स्थितिमा आसलाग्दो स्थिति बन्ने अवस्था देखिंदैन।

४२. दलित समुदायले बेहोर्नुपरेको विभेदबारे चर्चा गरिसकेपछि **वर्तमान संविधानमा वर्णित नेपाल राष्ट्रको स्वरुप र संविधानका मूल मान्यता एवं समानता, विभेदहिनता, समता र सहभागिता, सामाजिक न्यायका सिद्धान्तहरूको रोहमा यो विषयलाई कसरी हेरिनुपर्छ** भन्ने तेस्रो प्रश्नबारे विचार गरौं।

४३. दलित समुदायको विशेष अवस्थालाई सम्बोधन गर्न राखिएका व्यवस्थाहरूबारे विवेचना र विश्लेषण गर्नुपूर्व संविधानका मूल मान्यता र यसले तय गर्न खोजेको यात्रा, लक्ष्य र आकांक्षाको विषयमा दृष्टि दिनु आवश्यक हुन्छ। संविधानको भावभूमि र मान्यताहरूको रोहमा मात्र अधिकारका विशेष व्यवस्थाहरू चहकिलोरुपमा प्रकट हुन सक्छन्। यस परिप्रेक्ष्यमा हेर्दा सार्वभौमसत्ता सम्पन्न नेपाली जनताका प्रतिनिधिहरूले संविधानसभा मार्फत जारी गरेको वर्तमान संविधानले मुलुकमा लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि नेपाली जनताले गरेका विभिन्न आन्दोलन र संघर्षको बलिदानपूर्ण ईतिहास र त्यसद्वारा सिर्जित राज्यको रुपान्तरणको मुद्दालाई स्मरण गरेको छ। रुपान्तरणकै क्रममा नेपाललाई "बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विविधतायुक्त" राष्ट्र घोषित गर्दै "जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुत"लाई अन्त्य गर्ने "सामाजिक न्याय सुनिश्चित" गर्दै "समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा समतामूलक

[35] दक्षिण एशियामा नेपाल र भारतमा हिन्दू भन्दा वाहेक वौद्धमार्गी, शिख समुदायमा पनि दलितहरू छन्। त्यसै गरी पाकिस्तानमा मोचि (जुत्ता सिउने), पथेर (इटा बनाउने) र भंगि (झाडु बडारु गर्ने) लाई दलितको रुपमा हेरिन्छ। त्यसै गरी मुसलमान समुदायमा मुसलमान सेख र मुसालीहरू, कृष्चियनहरूमा मासीहरूलाई अछुतको रुपमा हेरिन्छ। बंगलादेशमा अर्जाल (Arzals) र श्रीलंकामा सिंहाली समुदायमा रोडी (Rodi) समुदायलाई जातीय व्यवस्थामा पींधमा राखी व्यवहार गरिन्छ। हेर्नुहोसः **A Framework on Discrimination Based on Work and Descent, Including Caste** (Asia Dalit Rights Forum, 2018) at p 26-28, see http://www.ncdhr.org.in/wp-content/uploads/2018/12/648455134Global-report-single-page-format.pdf

समाजको निर्माण गर्ने संकल्प" गरेको छ[36]। यी संकल्पहरूको सोझो सम्बन्ध दलित मुक्तिसँग पनि छ। दलित समुदायलाई जात, भाषा, धर्म, संस्कृति र लिङ्गको आधारमा विभेद, वहिष्करण र सीमान्तिकरण गरिएको कुरालाई संविधानले दृष्टिगत गरेको देखिन्छ। संविधानको प्रस्तावनामा नै यी कुराहरू पर्नुको विशेष महत्त्व हुन्छ। प्रथमतः प्रस्तावनाले सार्वभौम जनताको चाहना र मुलुकले अबलम्वन गरेको आदर्श, आकांक्षा र प्राप्त गर्न खोजेको उद्देश्यलाई अभिव्यक्त गर्दछ। यो आदर्श र आकांक्षा "**सामाजिक न्याय**"को सुदृढीकरण र लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित "**समतामूलक समाज**" को निर्माण नै हो। समतामूलक समाजले कुनै हालतमा पनि "जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र... जातीय छुवाछुत" लाई स्वीकार गर्दैन। संविधानको प्रस्तावना र विभिन्न धारामा अभिव्यक्त संविधानको आत्मालाई नियालेर हेर्दा यसले विगतको विभेद र उत्पीडनलाई अन्त्य गर्दै लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित, समाजवाद प्रति प्रतिवद्ध एउटा समृद्ध राष्ट्र निर्माण गर्ने र त्यसको जगमा स्वतन्त्रता, समता, सहभागिता, समावेशिता र सामाजिक न्याय जस्ता मूल्यहरूलाई जनताको दैनिक जीवनको यथार्थ भोगाईमा प्राप्त गर्ने अभिलाशा र आकांक्षा राखेको देखिन्छ।

४४. निश्चयनै, संविधान कुनै एक समय, एक पुस्ताको लागिमात्र बन्ने दस्तावेज होइन। वस्तुतः यो पुस्ता-पुस्ताबीच गरिएको समझदारीको दस्तावेज (Inter-generational Compact) हो। संविधान निर्माणको श्रृङखलामा वर्तमान संविधान सातौं संविधान रहेको तथ्य र प्रस्तावनामा अभिव्यक्त नेपाली "जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण" गरिएको कुरालाई यहि अन्तरपुस्ता समझदारीको अभिव्यक्तिको रुपमा बुझ्नुपर्ने हुन्छ। त्यसैले विगतको योगदानलाई स्मरण गर्दै वर्तमान संविधानको आलोकमा भविष्यको मार्ग कोर्नु अहिलेको आवश्यकता हो। संविधानको व्याख्यामा पनि विगतको स्मरणको साथै सतत रुपमा विस्तारित भविष्य (Expanding future) को पनि विचार गर्दै नमनशील व्याख्या गरिनु आवश्यक देखिन्छ। यसै सन्दर्भमा न्यायमुर्ति कोर्डोजोले "A constitution states or ought to state not rules for the

[36] हेर्नुहोस नेपालको संविधान प्रस्तावना।

passing hour, but principles for an expanding future." [37] भनेको कुरा पनि मननयोग्य देखिन्छ। संविधानको व्याख्याकै सन्दर्भमा यसको विषयवस्तु, कुन परिस्थितिमा सो विषयवस्तु चयन गरिएको हो र चयनकर्ताको मनसाय के हो[38] भन्ने समग्र कुराहरू उपर विचार गरेर संविधानको व्याख्या गरिनुपर्छ भन्ने न्यायमुर्ति जोन मार्सलको पनि भनाई छ। उनी 'In considering this question, then, **we must never forget, that it is a constitution we are expounding.**' [39] भन्छन्। संविधान वस्तुतः युग युगको लागि बन्ने दस्तावेज हो। त्यसैले यसको व्याख्या गरिंदा यो एउटा कालजयी र जीवन्त दस्तावेज हो भनी, अर्थात वर्तमानको सीमित सोँच र चाहना भन्दा बाहिर निस्की उदाउँदो भविष्य समेतलाई हेरेर गरिनुपर्छ भन्ने न्यायमूर्ति मार्सल र कोर्डोजोको भनाई हाम्रो सन्दर्भमा पनि त्यतिकै महत्वपुर्ण देखिन्छ।

४५. अन्तरपुस्ता समझदारीको रुपमा संविधानलाई हेरिनुको पछाडि संविधान वर्णित अधिकारहरूको पनि योगदान छ। अधिकारहरूको वर्णन र कार्यान्यनको भरपर्दो व्यवस्था मार्फत संविधानले यो समझदारीलाई घोषणादेखि उपभोगको तहसम्म पुर्‍याउँछ र उदाउँदो भविष्यतर्फ समाजलाई डोर्‍याउँछ। वर्तमान संविधानले पनि त्यसै गर्न खोजेको छ। यसले मौलिक अधिकारहरूको लामो सूचि प्रस्तुत गरेको छ, यसभित्र चलनचल्तिको भाषामा भनिने नागरिक र राजनीतिक अधिकार, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार र विकास र समृद्धि सम्बन्धी अधिकारहरू पनि राखिएका छन्। लोकतान्त्रिक शासन पद्दति र विधिको शासन अनुशरण गर्दै यी अधिकारहरूको प्रचलन गरिनु पर्छ भन्ने संविधानको मान्यता छ।

४६. अधिकारहरू आफैं कार्यान्वयन हुँदैनन्; यिनलाई कार्यान्वयन गर्न सरकारका सबै निकायहरूको र विशेषतः कार्यपालिकि निकायको समन्वयात्मक अगुवाई जरुरत पर्छ। अधिकारहरूको कुरा गर्दा लामो समयसम्म कार्यपालिकि निकायको नकारात्मक

---

[37] Banjamin Cordozo: The Nature of the Judicial Process, Yale University Press https://www.questia.com/read/11219210/the-nature-of-the-judicial-process [84-84]

[38] McCulloch v Maryland 17 US 316 (1819). It was a case where no enumerated power specifically gave Congress the power to create a bank. In this case, the Court said that Congress did have the power to create the Bank. According to Marshall CJ the power to collect taxes, borrow money, and raise and support armies and navies lied with the Congress. Id 415

[39] Id 407

दायित्व र सीमाको नै बढि चर्चा भयो। यसको सकारात्मक दायित्वको बारेमा त्यति चर्चा भएन। तर पछिल्लो समयमा मानव अधिकार कानूनको विकाससँगै र विशेषतः आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई प्रचलनीय अधिकारको रुपमा घोषणा गरिएसँगै राज्यले अधिकारको प्रेरक, निर्देशक, सल्लाहकारको भूमिका खेल्नु पर्ने, त्यसैगरी अधिकारको उपयोगमा जनतामा चेतनाको सञ्चार, जागरुकता एवं सक्षमताको विकास गराउनुपर्ने, स्रोत साधन जुटाउनुपर्ने, हक उपयोग हुन सक्ने गरी पूर्वाधारको विकास गर्नुपर्ने र आधारभूत रुपमा पनि अधिकारको संरक्षण सम्मान र प्रयोग गर्न सकिने वातावरण बनाउने आदि कार्यमा राज्यले भूमिका खेल्नुपर्ने अवस्था र आवश्यकता पर्न गयो। यसै परिप्रेक्ष्यमा सरकारले सकारात्मक रुपमा केहि पनि गर्न पाउदैन भन्ने कुरालाई अस्वीकार अहिले गर्दै सकारात्मक र नकारात्मक दुवै प्रकारको संविधानवादलाई महत्व दिई उचित सन्तुलनभित्र राख्न थालिएको छ। यहि संवैधानिक दृष्टिकोण भित्र रहेर मौलिक हक तथा "राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व" हरूलाई हेरी हक अधिकारहरूको उपभोगको सहज वातावरण बनाउनुपर्ने दायित्व राज्यमा रहेको मानिन्छ। हाम्रो संविधानले राज्यका सकारात्मक र नकारात्मक दुवै दायित्वहरूलाई स्वीकार गर्दै अघि बढ्न खोजेको देखिन्छ।

४७. जहाँसम्म **संविधान वर्णित समानता, विभेदहिनता, समता र सहभागिता, सामाजिक न्यायका सिद्धान्तहरूले यो विषयलाई हेरेका छन्?** भन्ने प्रश्न छ यस अदालतले *विनय कुमार पञ्जियार*[40]को मुद्दामा यस विषयमा प्रकाश पार्दै "लोकतन्त्रको यात्रा मूलतः समानता, समता र सहभागिताको यात्रा हो। यहि मार्गबाट समाजमा दिगो शान्ति, सामाजिक सहिष्णुता, सामाजिक सौहार्दता कायम हुन सक्ने हो। लामो कालखण्ड मुलुक सामन्ती निरंकुश शासन व्यवस्थाबाट गुज्रेको, राज्य व्यवस्थाले विभेद र उत्पीडनको अन्त्य गर्ने भन्दा पनि यसलाई कुनै न कुनै रुपमा निरन्तरता दिएको, समाज विभिन्न प्रकारका विभेदबाट आक्रान्त रही सोहि कारण मुलुकले आन्तरिक द्वन्द समेत बेहोर्नु परेको यथार्थताको बीच नेपालको संविधानले सबै प्रकारका विभेद र छुवाछुत समेतको अन्त्य गर्दै समता, समावेशीता र सहभागितामूलक समाजको स्थापना गर्ने संकल्प गरेको हुँदा समता, समावेशीता र

[40] विनय कुमार पञ्जियार विरुद्द चिकित्सा शिक्षा आयोग समेत, ०७७-WO-२३७, निर्णय मिति २०७७।९।१

सहभागिताको संविधानसम्मत भाष्य विकास गरिनु हामी सबैको कर्तव्य हुने देखिन्छ" भन्ने व्याख्या गरेको छ। अदालतको यो दृष्टिकोणलाई हामी सबैले आत्मसात गर्नुपर्ने हुन्छ।

४८. वर्तमान संविधानले कानूनको दृष्टिमा समानता, कानूनको समान संरक्षण तथा कानूनको प्रयोगमा विभेदहिनताको अबधारणागत मान्यतालाई स्वीकार गरेको छ। समानता र विभेद एक अर्काका विपरित धारणा हुन्। विभेदको विद्यमानताले अधिकारको समान मान्यता, प्रयोग वा उपभोगलाई अस्वीकार गर्छ; समानतालाई यथार्थमा शुन्य, कमजोर वा निस्तेज पार्ने उद्देश्य वा प्रयोजन राखी वहिष्करणलाई प्रोत्साहन गर्छ। अर्को तर्फ समानताले जन्मको वंशीय आधार, सम्पत्ति, सामाजिक हैसियत वा पकड, प्रथा, परम्परा, लिङ्ग, जात, धर्म आदिको आधारमा कोहि ठूलो वा सानो हुने सामन्तवादी सोचलाई अस्वीकार गर्छ र मुलुकभित्र आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा समेत समतामूलक समाजको स्थापना गर्ने कोशिष गर्छ। समतामूलक समाजको तात्पर्य पूर्ण समानता नभै व्यक्तिले जीवनमा महत्वपूर्ण ठानेका मुल्य मान्यताहरूको छनौट गर्ने स्वतन्त्रतामा जात, जाति, वर्ण, लिङ्ग, जन्मको वंशीय उत्पत्ति वा त्यसको आधारमा दाबी गरिने हक जस्ता असान्दर्भिक आधारमा कुनै रोकावटको सिर्जना नगरियोस भन्ने हो। समाजमा व्यक्तिहरूका योग्यता, क्षमता, सीप, उर्जा, चाहना, समर्पण आदि फरक हुन सक्छन्। समानताको अर्थ पूर्ण समानता भन्ने अवस्य पनि होइन। तर जीवन, स्वतन्त्रता, प्रतिष्ठा, र सुखको खोजि जस्ता अहस्तान्तरणीय अधिकारहरूको उपभोगमा समानता भन्ने हो। समानता र विभेदहिनताको चर्चा गर्दा अव्राहम लिङ्कनको देहायको भनाई अक्सर सम्झिइन्छ, अमेरिकि संविधानमा उल्लेखित समानताको अधिकारको सन्दर्भमा उनी भन्छन्;

> The Authors [of the Bill of Rights] intended to include all men but they did not intend to declare all men equal in all respects. They did not mean to say all were equal in color, size, intellect, moral developments, or social capacity. They define with tolerable distinctness in what respects they did consider all men created equal- equal with "certain inalienable rights, among which are life, liberty, and the pursuit of happiness". This

they said, and this they meant. They did not mean to assert the obvious untruth that all were actually equal enjoying that equality, or yet that they were about to confer it immediately upon them. In fact, they had no power to confer such a boon. They meant simply to declare the right, so that enforcement of it might follow as fast as circumstances should permit[41].

४९. समानताको विधिशास्त्रमा वैध एवं न्यायपूर्ण उद्देश्यको लागि बोधगम्य एवं तर्कपूर्ण आधारमा गरिने वर्गीकरणलाई स्वीकार गरिन्छ। हाम्रो अदालतले पनि यसलाई स्वीकार गरेको छ[42]। तर तर्कपूर्ण वर्गीकरणको प्रयोग समानता प्राप्ति तर्फ उन्मुख छ वा समाजमा विद्यमान असमानतालाई एक वा अर्को बाहानामा स्वीकार गर्ने वा निरन्तरता प्रदान गर्नको निम्ति प्रयोग भैरहेको छ भन्ने कुरा चाहिं सतर्कतासाथ हेरिनु आवश्यक हुन्छ। वास्तविक जीवनमा समान अवसर र हक तथा स्वतन्त्रताहरूको पूर्ण उपभोग नै अधिकार प्रत्याभूतिको उद्देश्य हो। यसलाई राम्रोसँग दक्षिण अफ्रिकाको संविधानमा राखिएको छ। सो संविधानको धारा ९(२) मा भनिएको छः

Equality includes the full and equal enjoyment of all rights and freedoms. To promote the **achievement of equality**, legislative and other measures designed to protect or advance persons or categories of persons, disadvantaged by unfair discrimination may be taken.[43]

५०. हाम्रो संविधान वर्णित सकारात्मक विभेदको व्यवस्थाको उद्देश्य पनि समानताको प्राप्ति (achievement of equality) नै हो। यद्दपि यो कुरा दक्षिण अफ्रिकाको संविधानमा जस्तो स्पष्टसँग राखिएको छैन, तर संविधानद्वारा प्रत्याभूत सम्मानपूर्ण जीवनको हक, लगायत स्वतन्त्रता, समानता, सकारात्मक विभेद, समावेशिता,

[41] The Collected Works of Abraham Lincoln, Vol.II, at 450 (1953) cited in Surya Dhungel, Bipin Adhikari, BP Bhandari and Chris Murgatroyd, COMMENTARY ON THE NEPALESE CONSTITUTION, Kathmandu 1998 at p 105.

[42] हेर्नुहोस, बाबुराम रेग्मी वि. कानून तथा न्याय मन्त्रालय समेत ने.का.प. २०५६ नि.नं. ६७४९ पृ. ५०४; प्रदिप प्रताप वम मल्ल वि. प्रधानमन्त्री तथा म.प.स. समेत ने.का.प. २०६३ नि.नं. ७७४४ पृ. ९९२; टेक वहादुर रैका (आउजी) समेत वि. प्रधानमन्त्री तथा म.प.स समेत ने.का.प. २०६५ नि.नं. ७९६१ पृ. ५४५; राजेन्द्र प्रसाद पौडेल वि. प्रधानमन्त्री तथा म.प.स समेत ने.का.प. २०७२ नि.नं. ९४९१ पृ. १८७७।

[43] The Constitution of the Republic of South Africa, 1996, §9(2).

सहभागिताका समाजिक न्याय सम्बन्धी अधिकारहरूको समग्रतामा अर्थ गर्दा यी व्यवस्थाहरूले यथास्थितिवाद र तदर्थवादलाई अस्वीकार गर्दै समानताको प्राप्ति तर्फ नै हाम्रो राज्य व्यवस्थालाई निस्चित मार्गचित्र सहित डोहोऱ्याउछन्।

५१. समानता र विभेदहिनताको लक्ष्‌य जात, जाति, धर्म, लिङ्ग समेतका आधारमा गरिने विभेदबाट मुक्त समाजको स्थापना हो। यदि समानता र विभेदहिनता जस्ता धारणाले समाजमा वास्तविक समानताको प्रवर्दधन गर्दैनन् भने यी लक्ष्‌यविहीन अबधारणा बन्न पुग्छन्। संविधानलाई लक्ष्य विहिन दस्तावेजको रुपमा स्‌वीकार गर्न सकिदैन; जसरी व्यक्ति समाज र राष्ट्रको लक्ष्य हुन्छ संविधानको पनि लक्ष्य हुन्छ र हुनुपर्छ। यो लक्ष्य समानताको प्राप्ति र समतामुलक समाजको निर्माण (achievement of equality and equity) नै हुनुपर्छ। संवैधानिक नैतिकताको सिद्‌धान्तले देखाउने मार्ग पनि यहि हो। त्यसैले जहाँ असमान व्यवहार गरियो भन्ने आरोप लाग्छ, गरिएको व्यवहार कानूनद्‌वारा अनुमती प्राप्त छ र आधार लिइएको कानून संविधानसम्मत छ भन्ने पुष्टि गरिनुपर्ने दायित्व सरकारमा रहन्छ। दलित अधिकारको सन्दर्भमा कुरा गर्दा यी समस्त कुराहरूबारे हामीहरूले विशेषरुपमा ध्यानदिनुपर्ने देखिन्छ।

५२. समानता, विभेदहीनताको कुरा गर्दा समानुपातिक समावेशिताको पनि चर्चा गर्नुपर्ने हुन्छ। दलित अधिकारको सन्दर्भमा मात्र होइन, सामाजिक न्यायको सन्दर्भमा पनि "समानुपातिक समावेशिता" भन्ने शब्दावली संविधानमा प्रयोग भएको छ। नेपाल बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त मुलुक हो र हामीले अंगालेको लोकतन्त्र समावेशी लोकतन्त्र हो भन्ने कुरामा दुईमत छैन। *विनयकुमार पञ्जियारको रिट निवेदन*मा संविधानको धारा ४२(१) र धारा १८(३) को प्रतिवन्धात्मक वाक्यांशको चर्चा गर्दा यस विषयमा प्रकाश पारिएको छ[44]। यहाँ यति भन्नु पर्याप्त छ कि समानुपातिक समावेशीताको सिद्‌धान्त नेपालको संविधानले समतामूलक समाजको निर्माण बारेमा राखेको दूरदृष्टि (vision) हो। यसको लक्ष्य राज्य संरचनामा सहभागिता हो। योग्यता, क्षमता आदिका नाममा राज्य संरचनामा सीमित वर्ग र व्यक्तिले कब्जा गर्न नपाओस्, उपेक्षित वर्गको शासन व्यवस्थामा सक्रिय सहभागिता बढोस, समावेशी लोकतन्त्र शासन व्यवस्थाको दीर्घकालीन आधार बनोस, समाजमा न्याय सुनिश्चित होस, निर्णय प्रकृयामा र लाभको वितरणमा अर्थपूर्ण सहभागिता

[44] विनय कुमार पञ्जियार विरुद्द चिकित्सा शिक्षा आयोग समेत, ०७७-WO-२३७, निर्णय मिति २०७७।९।१

आधार बनोस भन्ने हो। निश्चित कालखण्डभित्र गरिने अङ्कगणितीय अनुपात पनि समानुपातिक समावेशीताको दृष्टिभित्र रहन सक्ला, तर यो सोभन्दा उन्नत दीर्घकालीन दृष्टिकोण र सोच हो। अमुक कार्यक्रम समानता, समता र सहभागिताको दृष्टिबाट प्रगतिशील व्यवस्था हो, कार्यक्रम भित्र योजना छ, सो प्राप्त गर्ने रणनीति छ, समयावधि र बजेटको समेत व्यवस्था छ र यो संवैधानिक दुरदृष्टि (Constitutional vision) भित्र पर्छ, यसले संवैधानिक लक्ष्य पछ्याएको छ र विवेकसम्मत छ भन्ने भएसम्म अङ्कगणितीय अनुपातलाई मात्र हेरेर समानुपातिक समावेशीताको सिद्धान्तले सकारात्मक विभेदको कार्यक्रमलाई अवैध करार गर्दैन।

५३. संक्षेपमा, वर्णित नेपाली राष्ट्रको स्वरुप र संविधानका मूल मान्यताहरू हेर्दा यसले समानता, विभेदहिनता, समता र सहभागिता, सामाजिक न्यायका सिद्धान्तहरूले धर्म, रुढिवादी परम्पराको चेपमा परी उपेक्षा र वहिष्करणको मारमा परेका दलित समुदायले वर्तमानमा भोगेका मुख्य मुख्य चुनौतीहरूलाई सम्बोधन गर्न खोजेको देखिन्छ। जातीय विभेद र उपेक्षा अब एक राष्ट्रको घरायशी समस्या मात्र होइन समस्त विश्व समुदाय समेतको चासोको विषय बनेको हुँदा मानव अधिकार कानून र संविधानले संस्थापना गर्न खोजेको समाजिक न्यायको मार्गबाट समाजको एउटा ठूलो समुदाय कसरी आफ्ना आधारभूत स्वतन्त्रताहरूको उपयोग गर्न सक्षम हुन्छ एवं व्यक्तिगत र सामुहिक समुन्नतिमा अन्य समुदायसँग हातेमालो गरी अघि बढ्न सक्छ भन्ने गम्भीर समीक्षाको विषय समेत बन्ने देखिन्छ।

५४. संविधानको अबधारणा, मुल मान्यता, संवैधानिक आकंक्षा र लक्ष्यसमेतको रोहमा दलित अधिकारको विषयलाई हेरिसकेपछि अब **मानव अधिकार कानूनको आलोकमा दलितहरूको अधिकारलाई कसरी हेर्न सकिन्छ; राष्ट्रिय कानूनमा त्यसको सन्देश के हुन सक्छ** भन्ने चौथो प्रश्नबारे हेरौं।

५५. मानव अधिकार कानूनको आधारभूत मान्यता "जन्मदा नै सबै मानवहरू स्वतन्त्र र समान जन्मेका हुन् र सबैको प्रतिष्ठा र अधिकार समान हुन्छ" भन्ने नै हो [45]। समानता जन्मसिद्ध कुरा हो; असमानता र विभेद त समाज श्रृजित बन्धन र ब्यबधान हो भनेर मानव अधिकार कानूनले जुन उद्घोष गरेको छ त्यसले विभेदका

[45] मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ धारा १।

कारणहरू खोज्दै तिनलाई हटाई व्यक्तिहरू बीच वास्तविक र सारभूत समानता कायम गर्ने तर्फ लाग्न निर्देश गर्छ। विभेदलाई नबुझेसम्म र नहटाएसम्म समानताको यात्रा अधुरो र अपुरो रहन्छ। विभेदको परिभाषा हाल धेरै मानव अधिकार सम्बन्धी महासन्धीहरूले गरेका छन्। तर यसको सुरुवात भने **सबै प्रकारका जातीय विभेदहरूको उन्मुलन सम्बन्धी महासन्धी (ICERD) १९६५** ले नै गरेको कुरा यहाँ स्मरणयोग्य छ। जातीय उच्चतामा आधारित रंगभेद, अलगाव र विभाजनलाई प्रश्रय दिने उपनिवेशवादी युगको अन्त्य गर्ने मान्यताका साथ जारी गरिएको उक्त महासन्धीले "समानता र प्रतिष्ठा" मानव मात्रका अन्तरनिहित अधिकार हुन् भन्दै **"जातीय भिन्नताको आधारमा उच्चताको दाबी गर्नु वैज्ञानिकरुपले गलत, नैतिकरुपले भर्त्सनायोग्य र सामाजिकरुपले अन्यायपूर्ण र खतरनाक"** रहेको समेत घोषणा गरेको छ[46]। महासन्धीले "जातीय विभेद" लाई "जाती, रंग, वंश वा राष्ट्रिय वा जातीय उत्पत्तिको आधारमा गरिने अधिकारको समान मान्यता, प्रयोग वा उपभोगलाई शून्य, कमजोर वा निस्तेज पार्ने उद्देश्य वा प्रयोजनको लागि गरिएका वहिष्करण, वन्देज, प्रतिबन्ध वा प्राथमिकता (Preference) समेत सम्झनुपर्छ" भनेको छ[47]। यो सहि हो कि यो महासन्धीले जात (caste) भन्ने शब्द प्रयोग नगरी जाती (race), वंश (descent) जस्ता शब्द प्रयोग गरेको छ तर महासन्धीको समान्य टिप्पणी नं २९ ले वंश (descent) को आधारमा गरिने विभेद अन्तर्गत जन्मसँगै जोडिएर आउने जात र त्यस्तै आधारमा मानव अधिकारको उपभोगलाई शुन्य बनाउने वा निस्तेज पार्ने विभेदलाई पनि समेटेको पाइन्छ[48]। जातीय विभेद सम्बन्धी महासन्धी अन्तर्गत गठित समितिले जारी गरेको यो टिप्पणी मार्फत सदस्य राष्ट्रहरूलाई पुस्ता पुस्ता सरेर आउने वंशगत जात र सो सरहको/समान व्यवस्था (caste and analogous systems) वा वंशीय स्थितिको कारण विभेदमा परेका, वंशीय स्थितिलाई आफैं परिवर्तन गर्न नसक्ने वा परिवर्तन गर्ने सीमित सामर्थ्य राख्ने, समुदाय भन्दा बाहिर

[46] **International Convention on Elimination of all forms of Racial Discrimination, GA Res** 2106 (XX) of 21 December 1965 Preamble.

[47] हेर्नुहोस ऐऐ धारा १; त्यसैगरी हेर्नुहोस CEDAW को धारा १ र CRPD को धारा २

[48] See General Comment No 29(2002), "Strongly reaffirming that discrimination based on 'descent' includes discrimination against members of communities based on forms of social stratification such as caste and analogous systems of inherited status which nullify or impair their equal enjoyment of human rights, . . ..

विवाह गर्न सामाजिक रुपमा लगाइएको बन्देजमा परेका, आवास, शिक्षा, सार्वजनिक सुविधास्थलको पहुँच, पुजा गर्ने स्थल, खाना तथा पानीका सार्वजनिक स्रोतसम्मको पहुँचमा व्यक्तिगत वा सार्वजनिक तवरमा रोक लगाइएको कारण अलगाव (segregation) मा परेका, ऋणको दासत्वमा पारिएका, प्रदुषण, छुवाछुत जस्ता अपमानजनक मान्यताले सताइएका, मानवीय प्रतिष्ठा र समानताबाट वन्चित गरिएका समुदायको पहिचान गर्न आह्वान गरेको छ[49]। पछिल्लो समयमा जातीय विभेदलाई संयुक्त राष्ट्रसंघीय दस्तावेजहरूमा "काम र वंशको आधारमा गरिने विभेद (discrimination based on work and descent-DWD in short) भनी नामाकरण गरिएको छ। यसलाई स्पष्ट गर्दै भनिएको छः

> "Discrimination based on work and descent is any distinction, exclusion, restriction, or preference based on inherited status such as caste, including present or ancestral occupation, family, community or social origin, name, birth place, place of residence, dialect and accent that has the purpose or effect of nullifying or impairing the recognition, enjoyment, or exercise, on an equal footing, of human rights and fundamental freedoms in the political, economic, social, cultural, or any other field of public life. This type of discrimination is typically associated with the notion of purity and pollution and practices of untouchability, and is deeply rooted in societies and cultures where this discrimination is practiced"[50].

[49] The Committee asks State Parties, among others, "to identify communities who suffer from discrimination, especially on the basis of caste and analogous systems of inherited status, and whose existence may be recognized on the basis of various factors including some or all of the following: inability or restricted ability to alter inherited status; socially enforced restrictions on marriage outside the community; private and public segregation, including in housing and education, access to public spaces, places of worship and public sources of food and water; limitation of freedom to renounce inherited occupations or degrading or hazardous work; subjection to debt bondage; subjection to dehumanizing discourses referring to pollution or untouchability; and generalized lack of respect for their human dignity and equality"

[50] Draft United Nations Principles and Guidelines for the Effective Elimination of Discrimination Based on Work and Descent Art 2 (18 May 2009; A/HRC/11/CRP.3)

५६. अध्ययनहरूले काम र वंशका आधारमा मुख्यतः क) निषेध, पृथकिकरण, र प्रतिवन्ध (Prohibitions, distinction and restrictions)[51] ख) जवरजस्ती र दासजन्य श्रम (Forced and Menial Labour)[52] ग) नागरिक सुविधाबाट वहिस्कार र विभेद (Discrimination and exclusion from civic amenities)[53], र घ) हिंसा (Violence)[54] गरी चार किसिमका विभेदहरूको चर्चा गरेका छन्[55]। पछिल्ला दुई दशकमा संयुक्त राष्ट्रसंघीय महासन्धी अन्तर्गतका विभिन्न निकायहरू अन्तर्गत विभिन्न समिति र कार्यदलद्वारा जातीय विभेदबारेमा गहिरो अध्ययन गरी विभेद हटाउन विभिन्न सुझावहरू दिएको पाइन्छ। यहाँ ती सबै सुझावहरू राख्न सम्भव छैन। तथापि संक्षेपमा भन्दा, राज्यले बहन गर्नुपर्ने दायित्वको सन्दर्भमा प्रतिवेदन मार्फत दिइएको साझा सुझावमा आ-आफ्नो मुलुकमा काम र वंशको आधारमा गरिने विभेद रहेको यथार्थतालाई स्वीकार गर्दै यस्तो विभेदको रोकथाम गर्ने, उन्मुलन गर्ने र विशेषतः भौतिक सुरक्षा, अलगावको प्रतिरोध, न्यायमा पहुँच, समान राजनीतिक सहभागिता, रोजगारीका समान अवसर तथा पेशाको स्वतन्त्र छनौट, इच्छा विरुद्धको काम, दासत्व वा बाल श्रम, स्वास्थ्य, शिक्षा, पर्याप्त खाना, पानी, आवास, जनचेतनाको अभिवृद्धि, महिला उपर गरिने वहु-विभेद, सर्वेक्षण र अनुसन्धान, अन्तराष्ट्रिय सहयोग र मानवीय सहायता समेतका विषयहरूमा संवैधानिक, कानूनी, प्रशासनिक, बजेटको विनियोजन, न्यायिक र शैक्षिक उपायहरू अपनाई काम र वंशको आधारमा गरिने विभेदमा परेका जनताको मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्धन, अनुगमन र कार्यान्वयन गर्नुपर्ने कुराहरू परेका छन्[56]।

---

[51] यस भित्र संगै बसी भोजन गर्न, अन्तरजातीय विवाह, मन्दिर प्रवेश, कथित उपल्लो जातको घरमा प्रवेश, र पवित्रता र प्रदुषण भयो भन्ने आधारमा गरिने निषेध, पृथकिकरण, र प्रतिवन्धलाई राखिएको छ।

[52] यसभित्र बन्धनयुक्त श्रम, सिनो फाल्ने, मानवको मलमुत्र फाल्न लगाउने र सरसफाई गर्ने, बाल श्रम आदि राखिएको छ।

[53] यसभित्र चिया पसल, रेष्टुरामा दलितको लागि अलगै कप प्लेटको व्यवस्था गर्ने, अलगै टोल बस्तीको व्यवस्था, स्वास्थ्य सेवामा विभेद, परम्परागत सेवा वा काम नगरेकोमा (सिनो नफाल्ने आदि) मा वहिस्कार, धारो, पानी, पोखरी, मन्दिर आदिमा प्रवेश निषेध, अलग मसान घाट, दलित बालवालिकालाई विध्यालयमा अलगै बस्ने व्यवस्था, भूमिहिनता आदिलाई राखिएको छ।

[54] महिला र बाल बालिका, अन्तरजातीय विवाह जोडि उपरको हिंसा, न्युन ज्याला, होच्याउने शब्दावली (डुम, च्यामे आदि, नाममा एकलगे मात्राको प्रयोग- विसे, दोबाटे, मंगले, जुठे आदि), झुठ्ठा मुद्दा लगाउने, भौतिक आक्रमण, हत्या, बलात्कार, सामुहिक बलात्कार आदि।

[55] **A Framework on Discrimination Based on Work and Descent, Including Caste** (Asia Dalit Rights Forum, 2018) supra note 35 pp-26-27,

[56] Id.

५७. दलितहरूको वहिष्करण कुनै पनि देशको आन्तरिक मामला मात्र हुन सक्दैन। यो आधारभूत मानव अधिकारको विषय हुँदा यसको खुला छलफल गरिनुपर्छ र हरेक किसिमको विभेद अन्त्य गर्न दह्रो प्रयास गरिनुपर्छ। मानव अधिकारको सर्वव्यापकतालाई घरेलु कानूनले नकार्न सक्ने हुँदैन। जातीय विभेद मानव अधिकार कानूनको एउटा जल्दोवल्दो प्रश्न हो। यो प्रश्नको सम्बोधन गर्ने क्रममा मानव अधिकार दस्तावेजहरूले जातीय विभेदको व्यापक परिभाषा गर्दै यस भित्र काम र वंशको आधारमा गरिने विभेदलाई समेटने र सारभूत समानताको अबधारणाको विकास गरी स्रोत र साधनमा पहुँच र निर्णय प्रकृयामा सहभागिता सुनिश्चित गर्ने, एवं राज्यपक्षलाई छुवाछुत र जातीय विभेदको रोकथाम र उन्मुलनको निम्ति संवैधानिक, कानूनी, प्रशासनिक, बजेटको विनियोजन लगायत न्यायिक र शैक्षिक साथै सकारात्मक विभेदका अस्थायी उपायहरू अपनाउनको लागि जुनरुपमा विस्तृत निर्देशन दिने कार्य गरेका छन् यसलाई मानव अधिकारको स्थिति सुधारमा प्रेरणा र सन्देशको रुपमा लिन सकिन्छ।

५८. माथिल्ला दुई खण्डमा दलित अधिकारसँग सरोकार राख्ने संविधानका मुलभूत मूल्य र मान्यता तथा अन्तराष्ट्रिय मानव अधिकार कानूनको विषयमा चर्चा गरिसकेपछि अब **संविधानमा वर्णित छुवाछुत र भेदभाव विरुदको हक र दलितको हकले के कस्तो विषयलाई सम्बोधन गर्न खोजेको छ? यसले न्यायका कुन सिद्धान्तहरूलाई स्वीकार गर्छ** भन्ने पाचौं प्रश्नको निरुपण गरौं।

५९. वर्तमान संविधानका मूल्य मान्यता बारे चर्चा गर्दा यसले सम्मान, समानता, समता, समावेशिता, सहभागिता, समाजिक न्याय र सुरक्षा प्राप्त गर्ने अभिष्ट राखेको कुराको चर्चा माथि चौथो प्रश्नको निरुपण गर्ने क्रममा गरिसकिएको छ। जातीय विभेद विरुद्ध अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको साझा सन्देश पनि वंश र कामको आधारमा गरिने विभेद मानव अधिकारको उपभोगमा चुनौती हुँदा त्यस्तो विभेदलाई रोक्न र निर्मूल गर्न योजनावद्द रुपमा विस्तृत उपायहरू गरिनुपर्छ भन्ने नै हो। वर्तमान संविधानले नागरिक स्वतन्त्रता, मौलिक अधिकार र मानव अधिकारको रक्षालाई उच्च प्राथमिकतामा राख्दै अधिकारहरूको विस्तृत खाका प्रस्तुत गरेको छ। संविधानको भाग-३ मा गरिएका व्यवस्थाहरूलाई दलित अधिकारको सन्दर्भमा हेर्दा मोटामोटि रुपमा तीन प्रकृतिका व्यवस्थाहरू भेटिन्छन्: क) सम्मान, समानता र

विभेदहिनता, समावेशिता र सकारात्मक विभेदबारे गरिएका समान्य व्यवस्थाहरू, जसले जातको आधारमा गरिने विभेदलाई अस्वीकार गर्छन् र जसमा दलितहरूले पनि अन्य नागरिक सरह सम्मान र समानताको प्रत्याभूतिको उपभोग गर्ने, विभेदलाई अस्वीकार गर्ने र राज्यका निकायहरूमा समानुपातिक समावेशिताको सिद्धान्तको आधारमा सहभागिता र सामाजिक वा साँस्कृतिक रुपमा पिछडिएको वर्गको रुपमा "संरक्षण, सशक्तिकरण वा विकासको लागि" विशेष व्यवस्थाको दाबी गर्न सक्छन्; ख) आर्थिक, सामाजिक, साँस्कृतिक र न्याय, विकास तथा पर्यावरण, उपभोक्ता सम्बन्धी अधिकारहरू, त्यसैगरी महिला, बालबालिका, जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा सम्बन्धी अधिकारहरू जुन प्रत्याभूतिको फाइदा अन्य नागरिक सरह दलित वर्गका नागरिकहरूले पनि लिन सक्छन्; र ग) दलित समुदायलाई नै लक्षित गरी राखिएको "छुवाछुत तथा भेदभाव विरुद्धको हक" र "दलितको हक" जुन व्यवस्थाहरूले नेपालमा धर्म प्रथा परम्पराको नाममा शदियौं देखि उत्पीडन, उपेक्षा र वहिष्करणमा पारिएका नागरिकहरूको विशेष अवस्थालाई सम्बोधन गर्न खोजेका छन्, यसको दाबीकर्ता र प्रत्याभूतिको उपयोगकर्ता केवल दलित समुदायका व्यक्ति मात्र हुन सक्छन्। प्रस्तुत विवादको प्रसँग यहि तेस्रो प्रकृतिका अधिकारहरूबारे हुँदा त्यसैमा केन्द्रित रही बिषयवस्तुको निरुपण गरिनेछ।

६०. प्रस्तुत रिट निवेदनमा निवेदकले दलितवर्गका व्यक्तिले भोगेका विशिष्ट समस्याहरू, ती समस्याहरूलाई सम्बोधन गर्न गरिएका कानूनी प्रयासहरू र ती प्रयासहरूको अपर्याप्तताको विषयमा जिकिर राख्दै ती समस्याहरूको सम्बोधन गर्न एकिकृत दलित अधिकार कानूनको निर्माण होस् भन्ने माग गरेको देखिन्छ। त्यसैले ती हकहरू के हुन् र ती हकहरूको कार्यान्वयनमा हालसम्म भएका प्रयासहरू के के हुन्, एउटा स्वभाविक चासोको विषय बन्छ। तलको तालिकामा वर्तमान संविधानमा प्रत्याभूत दलित वर्गका व्यक्ति र समुदायका अधिकार एवं लिखित जवाफ समेतबाट ती अधिकारहरूको कार्यान्वयनमा गरिएका प्रयासहरू बारे चित्रण गरिएको छः

| धारा | संवैधानिक व्यवस्था | ऐन, नियम, र कार्यविधिका व्यवस्था | सम्बन्धित निर्णयहरू |
|---|---|---|---|
| २४ | छुवाछुत तथा भेदभाव विरुद्धको हकः (१)कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, | जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन २०६८ | मन वहादुर विश्वकर्मा वि. कानून तथा |

| | | | |
|---|---|---|---|
| | समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन।<br>(२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लागाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन।<br>(३) उत्पत्ति, जात, जाती वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाती वा छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने, छुवाछुत वा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन।<br>(४) जातीय आधारमा छुवाछुत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन।<br>(५) यस धाराको प्रतिकुल हुने गरी भएका सबै प्रकारका छुवाछुत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रुपमा कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपुर्ति पाउने हक हुनेछ। | ३ मा जातीय भेदभाव र छुवाछुतलाई कसुर कायम गरिएको, दफा ४ मा जातीय भेदभावको विस्तृत परिभाषा गरिएको छ। दफा ७ अनुसार जातीय भेदभाव र छुवाछूतको कसुर गर्नेलाई ३ महिना देखि ३ वर्ष सम्म कैद वा एक हजार देखि २५ हजार सम्म जरिवाना वा दुवै सजाय हुन सक्ने, सार्वजनिक पद धारण गरेको व्यक्तिले सो कसूर गरेमा पचास प्रतिशत थप सजाय हुन सक्ने; दफा ८ अनुसार पीडितलाई रु २५,००० देखि १,००,०००। सम्म क्षतिपुर्ति भराइने, दफा ११ ले जातीय भेदभाव र छुवाछुत सम्बन्धी मुद्दा सरकारवादी हुने र अनुसुचि १ मा समावेश भएको मानिने;<br>मुलुकी अपराध संहिता २०७४ को दफा १६० र १६१ मा भेदभाव सम्बन्धी कसुर र सजाय र दफा १६६ मा जातिपातिको आधारमा छुवाछुत वा भेदभावजन्य कसुर गरेमा सजायको व्यवस्था गरिएको;<br>जातीय भेदभाव तथा छुवाछूत तथा दलित अधिकार प्रवर्धन सम्बन्धी कार्यविधि २०७३ ले जातीय भेदभावको छुवाछुतको अन्त्य र दलित अधिकार प्रवर्धनमा केन्द्र देखि जिल्ला सम्म संयन्त्रको निर्माण गरेको;<br>जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) नियमावली २०७४ ले जातीय भेदभाव र छुवाछुतको विषयमा उजुर दिने प्रकृया र निकाय बारे विस्तृत व्यवस्था गरेको; | न्याय मन्त्रालय समेत ने.का.प. २०४९ नि.न. ४६७० पृ १०१०; रत्न वहादुर वाग्चन्द समेत वि. प्रधानमन्त्री तथा म.प.स. समेत, मानव अधिकार तथा लैङ्गिक न्याय भाग ३ दोस्रो भाग २०६६ पृ १६३; रत्नबहादुर वाग्चन्द समेत वि. प्रधान मन्त्री तथा मन्त्री परिषदको कार्यालय समेत, सार्वजनिक कल्याण सम्बन्धी पहिलो भाग (२०१५-६२) पृ ३०१; विमल विश्वकर्मा समेत वि. प्रधानमन्त्री तथा मन्त्री परिषद कार्यालय समेत ने.का.प. २०६४ नि.न. ७८१५ पृ १४७; सत्येन्द्र झा वि. नेपाल सरकार ने.का.प. २०६८ नि.नं ८६८५ पृ १५२३; श्याम कुमार विश्वकर्मा समेत वि. प्र.म. तथा म.प.का. समेत ने.का.प. २०७३नि.न.९६३६ |

| | | | |
|---|---|---|---|
| | | | पृ १३२० |
| ४० | <u>दलितको हकः</u> (१) राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ। सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तिकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानून बमोजिम विशेष व्यवस्था गरिने छ।<br>(२) दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ। प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ।<br>(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानून बमोजिम विशेष व्यवस्था गरिनेछ।<br>(४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ। राज्यले दलित समदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ।<br>(५) राज्यले भूमिहिन दलितलाई कानून बमोजिम एक पटक जमिन उपलब्ध गराउनु पर्नेछ।<br>(६) राज्यले आवासविहिन दलितलाई कानून बमोजिम बसोवासको | निजामती सेवा ऐन, २०४९ को दफा ७ ले खुल्ला प्रतियोगितादवारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी नौ प्रतिशत दलितले मात्र प्रतिस्पर्धा गरी पदपूर्ति गरिने व्यवस्था गरेको, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४, राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५, प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४, स्थानीय तह निर्वाचन ऐन, २०७३ समेतले दलितलाई राज्यका निकायमा प्रतिशतको आधारमा प्रतिनिधित्वको व्यवस्था गरेको, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३(८) ले आर्थिक रूपमा विपन्न, अपाङ्गता भएका र दलित नागरिकलाई निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने अधिकारको व्यवस्था गरेको, आवासको अधिकार सम्बन्धी ऐन, २०७५ को दफा ७ मा नेपाल राज्य भित्र आफ्नो वा परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो स्रोतबाट आवासको प्रवन्ध गर्न नसक्ने नागरिकलाई आवास उपलब्ध गराउने भन्ने व्यवस्था रहेको, छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ को दफा ३क. मा नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्तिमध्ये विपन्न, महिला, अपाङ्ग, जनजाति र दलित तथा तोकिएको दुर्गम क्षेत्रका व्यक्तिलाई तोकिए बमोजिम सुरक्षित गरिनेछ भन्ने व्यवस्था रहेको तथा भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२क. को उपदफा (१) मा नेपाल सरकारले भूमिहीन दलितलाई एक पटक तोकिए बमोजिम तीन वर्ष भित्र जमिन उपलब्ध गराउनेछ भन्ने व्यवस्था रहेको र रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को | बिनय कुमार पञ्जियार वि. चिकित्सा शिक्षा आयोग समेत (०७७-WO-२३७) नि. मिति ०७७।९।१); डुमरे कामीसमेत वि. नेपाल सरकार, प्र.म. तथा म.प.का समेत ने.का.प. २०७५ नि.न. ९९९१ पृ ७०९; सोम प्रसाद पनेरु वि. प्र.म. तथा म.प.का. समेत ने.का.प. नेकाप २०६३ निन ७७०५ पृ ६३१; टेक ताम्राकार समेत वि. मपस समेत सार्वजनिक कल्याण सम्बन्धी पहिलो भाग (२०१५-६२) पृ ३२३; डिल बहादुर विश्वकार्मा वि म.प.स. समेत संवैधानिक कानून पहिलो भाग (२०१५-६२) भाग १० ख पृ ३७६; मोहन |

| | | | |
|---|---|---|---|
| | व्यवस्था गर्नेछ।<br>(७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिकरुपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ। | दफा ८ मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार प्रदान गर्न आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्दा दलित समेतलाई प्राथमिकता दिनु पर्ने व्यवस्था रहेको, संविधानको धारा २५५ र २५६ को प्रयोजनार्थ बनेको राष्ट्रिय दलित आयोग ऐन, २०७४ समेत जारी भएको,<br>प्रदेश स्तरमा बनेका ऐन र कार्यविधि<br>प्रदेश नं २ "दलित सशक्तिकरण ऐन २०७६; मुख्य मन्त्री दलित आयआर्जन (रोजगार) प्रवर्धन कार्यक्रम सञ्चालन कार्यविधि २०७७; सुदुर पश्चिम प्रदेश "दलित सशक्तिकरण ऐन, २०७७ | सासंकर वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत ने.का.प. २०६७ नि.न. ८३७९ पृ. ८४८ |

६१. माथि चर्चा गरिएका मध्ये धारा २४ मा उल्लिखित छुवाछुत तथा भेदभाव विरुद्धको हकले छुवाछुत र छुवाछुतजन्य विभेदलाई सम्बोधन गर्न खोजेको छ। यो हक पहिलो पटक अन्तरीम संविधानमा राखिएकोमा त्यसलाई थप परिमार्जन गरी वर्तमान संविधानमा राखिएको छ [57]। सो गर्ने क्रममा निजी वा सार्वजनिक स्थान र कार्यस्थलमा गरिने भेदभावलाई समेट्ने, त्यस्तो भेदभाव र छुवाछुतलाई "गम्भीर सामाजिक अपराध" मानी दण्ड र क्षतिपूर्ति समेतको व्यवस्था वर्तमान संविधानले गरेको छ।

६२. छुवाछुत र जातीय भेदभावका कार्यहरूलाई गम्भीर समाजिक अपराध मानिनुको विशेष तात्पर्य छ। छुवाछुतले मानवीय सम्मान र स्वतन्त्रता खोस्छ। जातीय भेदभावको वैधताले कमजोर, असक्षमताको तर्कलाई स्वीकार गर्छ। छुवाछुतको अवस्था विभेद मात्र नभै स्वतन्त्रताको अभाव रहेको अवस्था पनि हो। छुवाछुतजन्य व्यवहार बेहोर्ने व्यक्तिलाई जीवन पर्यन्त मनोवैज्ञानिकरुपमा असर गर्छ; पीडा र अपमानवोध भैरहन्छ; आत्मविश्वास घटछ; यही अपमान, पीडा र आत्मविश्वासको कमी बोकेर बाँच्न ऊ बाध्य हुन्छ। छुवाछुतले वैयक्तिक स्वतन्त्रता, सुरक्षा, समानता, विवेकको

[57] हेर्नुहोस, नेपालको अन्तरिम संविधान २०६३ धारा १४

स्वायत्तता तथा स्वतन्त्रता (liberty of conscience) विचार र अभिव्यक्ति, भेटघाट, भेला, प्रतिनिधित्व गर्ने गराउने, सार्वजनिक पदमा आसिन हुने र काम गर्ने अधिकारमा प्रत्यक्षतः असर गर्छ। छुवाछुतको विद्यमानताले प्रभुत्व, हेपाई, निषेध, वहिष्करण, अपहेलना, सामुहिक हिंसा र अत्याचारलाई जन्म दिन्छ। यसको अन्त्यले स्वतन्त्रताको उपभोगमा रहेका बाधाहरूको अन्त्य गर्छ र अन्ततः विभेदहिन यात्रा शुरु हुन्छ। अर्थात् व्यक्ति, समुदाय र समाजको तहमा समानता, समता, सम्मान र सहभागिताको यात्रा शुरु हुन्छ।

६३. शदियौं देखि छुवाछुतजन्य व्यवहारले समाजको एउटा तप्कालाई सिमान्तिकृत गरेको, आतङ्कित पारेको, अपहेलित गरेको र सो समुहउपर अपमान र अबहेलना गरिएको, लोकतन्त्र, नागरिक स्वतन्त्रता र मानव अधिकारको घाम नलागेको अवस्थामा यसका प्रत्यक्ष र परोक्ष प्रभाव समेतलाई दृष्टिगत गरी त्यस्तो व्यवहारलाई रोक्ने र निर्मुल गर्नेतर्फ राज्य र समस्त समाज एकाकार भै लाग्नु आवश्यक छ। मानव सभ्यतामा नै प्रश्न चिह्न उब्जाउने यस्ता घटनाहरू धर्म, संस्कृति र परम्पराको नाममा के स्वीकार्य हुन सक्छन्? जातको नाममा गरिने अपहेलना, तिरस्कार, वञ्चितीकरण र हिंसा के क्षम्य हुन सक्छन्? के यी कुराहरू संविधान, कानून र अन्तराष्ट्रिय मानव अधिकारको कसिमा खरो उत्रन सक्छन्?, गम्भीरतापूर्वक सोच्नु आवश्यक छ। वर्तमान संविधानले छुवाछुत तथा भेदभाव विरुद्धको हक प्रत्याभूत गरी स्वतन्त्रता, समानता, समता र सहभागिताको आधारभूत मानक स्थापित गरेको छ। त्यसैले वर्तमान संविधानको छुवाछुत तथा भेदभाव विरुद्धको व्यवस्थालाई २०६८ मा बनेको ऐनले कति समेट्छ, अदालतमा सार्वजनिक सरोकारको रुपमा उठाइएका विवादहरूमा भएका निर्णय र निर्देशनहरूलाई ऐनका व्यवस्थाले दृष्टि पुऱ्याउन सकेका छन् वा छैनन्, अन्तराष्ट्रिय मानव अधिकार कानूनका सन्देशहरूलाई कानून निर्माणको क्रममा के कसरी बुझिएको छ, त्यसैगरी छुवाछुत सम्बन्धी ऐनको व्यवस्था र मुलुकी अपराध संहिताको व्यवस्था बीचमा के कस्तो तादात्म्य छ; त्यसैगरी संघीय र प्रदेश वा स्थानीय तहमा बन्ने कानून मार्फत राज्यका तह र निकायहरू बीच के कस्तो समन्वय र सहकार्य हुन सक्छ सो पनि अध्ययनको विषय बन्ने देखिन्छ। यी सबैभन्दा महत्वपूर्ण कुरा विद्यमान कानूनको के कसरी कार्यान्वयन गरिएको छ,

कार्यान्वयन संविधानको शब्द, भावना र मर्म बमोजिम भएको छ वा छैन, कार्यान्वयनलाई चुस्त गराउन के गर्न सकिन्छ न्यायको रोहमा विचारणीय देखिन्छ।

६४. वर्तमान संविधानको धारा ४० को महत्व यस अर्थमा छ कि यसले दलित समुदायका समस्याहरू विशिष्ट छन् भन्ने कुरा स्वीकार गर्छ। चाहे राज्यका निकायमा सहभागिता होस वा रोजगारीका क्षेत्रहरू, वा शिक्षा, स्वास्थ्य, आवास, स्व-रोजगारी नै किन नहोस्, यी समस्त क्षेत्रमा दलितहरू उपेक्षित र सीमान्तिकृत छन्। एकातर्फ विकल्पको अभावमा उनीहरूले आफ्नो परम्परागत पेशा छोडन सकेका छैनन्, अर्को तर्फ उनीहरूले परम्परागत ज्ञानको रक्षा पनि गर्न सकेका छैनन्। विज्ञान र प्रविधि र भूमण्डलीकरणको प्रभावले उनीहरू आफ्नो परम्परागत पेशाबाट पनि विस्थापित भैरहेको तथ्यलाई र समष्टिमा दलित समुदायले भोग्नुपरेका आर्थिक, समाजिक, शिक्षा, स्वास्थ्य, भूमिविहीनता, आवसविहीनता तथा सहभागिता एवं प्रतिनिधित्व र दलितसमुदाय भित्रै समानुपातिकताका समस्याहरूलाई धारा ४० को व्यवस्थाले जानकारीमा लिई यी समस्याहरूको सम्बोधन गर्ने उद्देश्य राखेको पाइन्छ। यस अर्थमा समकालीन लोकतान्त्रिक संविधानहरू र विशेषतः दक्षिण एशियाली संविधानहरू मध्ये नेपालको संविधानले दलित समुदायको समस्यालाई वृहतरुपमा सम्बोधन गर्न खोजेको छ भन्न सकिन्छ[58]। तर माथिको तालिकाले देखाए जस्तै समस्या भने प्रत्याभूत अधिकारहरूको कार्यान्वयनमा रहेको भेटिन्छ। रिट निवेदकले उल्लेख गरे झैं राजनीतिक क्षेत्रमा दलित समुदायको सहभागितामा सापेक्षिकरुपमा उपलब्धिहरू हासिल भएका छन् तर सरकारी र संगठित क्षेत्रमा रोजगारी वा शिक्षा, स्वास्थ्य, आवास, वा भूमिहिन अवस्थामा सुधार गर्न केहि कानूनी व्यवस्था गरिएपनि ती व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। अधिकांश क्षेत्रमा योजना, बजेट, पूर्वाधार र संविधान र कानूनले कर्तव्य तोकेका निकायहरू बीच समन्वयको अभाव भएकोले गरिएका व्यवस्थाहरू प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको

---

58 भारतीय संविधानको धारा १५, १६ र १७ ले मुलतः आरक्षण र छुवाछुत विरुद्दको हक प्रत्याभूत गरी यो समस्यालाई सम्बोधन गर्न खोजेको छ। बंगलादेश, श्रीलंका वा पाकिस्तानका संविधानहरूले पनि यो समस्यालाई आरक्षण बाहेक विस्तृत रुपमा हेर्न सकेका छैनन। हेर्नुहोस, CASTE-BASED DISCRIMINATION IN SOUTH ASIA, SITUATIONAL OVERVIEW, RESPONSES AND WAYS FORWARD Study commissioned by the European Commission to the International Dalit Solidarity Network June 2009. https://idsn.org/wp-content/uploads/user_folder/pdf/New_files/EU/EU_Study_Caste_Discrimination_merged_April2010.pdf

देखिन्छ। संविधानको धारा २५६ ले नै "दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी संस्थागत सुधारका विषय पहिचान गरी नेपाल सरकारलाई सिफारिश गर्ने" त्यसै गरी छुवाछुत र विभेदको अन्त्यको निम्ति नीति तय गर्ने, लगायत "दलित हितसँग सम्बन्धित कानूनको प्रभावकारी कार्यान्वयन" को अनुगमन गर्ने दायित्व सुम्पिएको राष्ट्रिय दलित आयोगबाट यस विषयमा के कति कार्य हुन सकेको छ भन्ने प्रश्नले पनि चित्तवुझ्दो उत्तरको अपेक्षा गरेको देखिन्छ[59]। संघीय तथा प्रदेश तहमा बजेटको व्यवस्था गरिएका शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, भूमिमा पहुँच, सीप विकास, कानूनी सहायता जस्ता कार्यक्रमहरूको हकमा तिनको कार्यान्वयनको स्थिति के छ र वास्तविक उपभोगको तहमा के प्रभाव पारेको छ भन्ने पनि प्रश्न कै रुपमा रहेको छ[60]।

६५. यसरी हेर्दा, संक्षेपमा वर्तमान संविधानले दलित अधिकारको सम्बन्धमा छुवाछुत, जातीय विभेद तथा वहु-विभेदका समस्या र यो समुदायले बेहोर्नुपरेका आर्थिक, सामाजिक, शैक्षिक, रोजगारी, सीप आदिका विषयमा नेपालमा उठेका मूल मुद्दाहरूलाई पक्रेको देखिन्छ। दक्षिण एशियाको समकालीन संवैधानिक व्यवस्था र अवस्थालाई हेर्दा यो सापेक्षिकरुपमा आशलाग्दो परिस्थिति पनि हो। नेपालमा गरिएका संवैधानिक व्यवस्थाहरूले आवास तथा भूमिको व्यवस्था र शिक्षामा छात्रवृत्तिको व्यवस्था गरेर परिपुरणात्मक न्याय (Reparative Justice) को ढोका समेत खोलेका छन्। उपेक्षित वर्गलाई प्रदान गरिने समाजिक न्याय र सकारात्मक विभेदका व्यवस्थाहरूमा दलित समुदायलाई एउटा वर्गको रुपमा स्वीकार गरेर मुलुकले अंगिकार गरेको समानता, समता, र समावेशी व्यवस्था तथा समृद्धिको यात्रामा दलित समुदायलाई महत्वपूर्ण सहयात्री बनाएको पाइन्छ। तर प्रत्याभूत अधिकारहरूको प्रभावकारी कार्यान्वयन भने चुनौतीकै अवस्थामा रहेको देखिन्छ। यस विषयमा केहि कानूनी र बजेटको समेत व्यवस्था गरिएपनि कार्यान्वयनको स्थिति सन्तोषजनक छ

[59] नेपालको संविधान धार २५६को उपधारा (१) देहाय खण्ड (क) (ख)(ग)

[60] आर्थिक वर्ष २०७६।७७ मा संघीय सरकार,प्रदेश सरकारका नीति, कार्यक्रम र वजेट वारे हेर्नुहोस राष्ट्रिय मानव अधिकार आयोग, **दलित समुदायको मानव अधिकारको अवस्था प्रतिवेदन २०७६।७७** पृ ३७-४५ प्रतिवेदनमा स्थानीय तहको तथ्याङ्क प्राप्त हुन नसकेको भनिएको छ।

भन्न सकिने स्थिति प्राप्त लिखित जवाफ तथा यस विषयमा गरिएको अध्ययनबाट देखिंदैन।

६६. उपर्युक्त समस्त सन्दर्भमा अब **संविधान वर्णित हक अधिकारको कार्यान्वयनको सन्दर्भमा पर्ने चुनौतीहरूलाई कसरी सम्बोधन गर्नु उपयुक्त हुन्छ; निवेदकको मागको सन्दर्भमा के कस्तो आदेश जारी गर्नु वाञ्छनीय हुन्छ** भन्ने अन्तिम प्रश्न तर्फ हेरौं।

६७. संविधान वर्णित हक अधिकारको कार्यान्वयनको सन्दर्भमा प्रमुख चुनौती भनेको अधिकारको घोषणा हुनु तर प्रभावकारी कार्यान्वयन नहुनु नै हो। यो हाम्रो मात्र नभै विकासोन्मुख मुलुक र विशेषतः दक्षिण एशियाको साझा समस्या हो। दलित अधिकारको कुरा गर्दा हामीहरूले यस पक्ष तर्फ विशेष दृष्टि दिनुपरेको छ। माथि उल्लेख गरिए झैं समकालीन संविधानहरूमा नेपालको संविधान मार्फत गरिएको व्यवस्थाले दलित समुदायका हक अधिकारका मुख्य मुख्य पाटोहरूलाई समेटेको छ त्यसैले कानून, संस्थागत संरचना, योजना, बजेट, उचित समन्वय र शुसासन मार्फत यी हकहरूको कार्यान्वयन गर्ने तर्फ अदालत लगायत सम्बन्धित सबैको ध्यान जानु आवश्यक देखिन्छ।

६८. यसै सन्दर्भमा यो विषयमा अदालतले किन ध्यान दिनुपर्छ भन्ने पनि प्रश्न उठ्न सक्छ। ध्यान दिनु किन आवश्यक छ भने संविधान मूलतः अधिकार तथा न्यायको दस्तावेज हो। न्याय सुनिश्चित गर्नकै निम्ति अधिकारहरूको घोषणा गरिएको हो। अधिकारहरूको घोषणा मात्र होइन घोषित अधिकारको उपभोगसमेतको सुनिश्चितता गर्नु पनि न्यायको प्रमुख ध्येय हो र रहनुपर्छ। हक अधिकारहरूको सहजरुपमा प्रचलन हुँदा मात्रै जनताले न्यायको अनुभूति गर्न सक्छन्। संविधानप्रदत्त हकहरूको प्रचलनमार्फत जनतालाई न्यायको अनुभूति गराउनु अदालतको प्रमूख कर्तव्य हो। अदालतको फैसलामार्फत स्थापित अधिकारहरूको कार्यान्वयन हुँदा नै समाजमा न्याय सुनिश्चित हुन्छ। हकहरूले संवैधानिक नीतिलाई प्रतिनिधित्व गर्छन् भने ती हकहरूको प्रचलन हुँदा मात्र समाजमा न्याय कायम हुन्छ। संविधानले परिकल्पना गरेअनुरुप समाजमा न्याय स्थापित गर्नेतर्फ अदालतको ध्यान केन्द्रित हुनुपर्छ। हेपिएका जनताहरूको हक मुखरित गर्न र दविएका आवाजहरूलाई वाणी प्रदान गर्ने कार्य पनि अदालतको न्यायिक जिम्मेवारी भित्र पर्छ। यहि कारणले पछिल्लो समयमा सार्वजनिक

सरोकारका निवेदनहरू मार्फत अदालतहरूले विधायिकि नीति निर्माण तर्फ पनि भूमिका खेल्दै नीति शून्यता (Policy void) को स्थितिमा निर्देशनात्मक आदेशहरू जारी गर्ने गरेका छन्। अर्थात् "नीति र न्याय" दुवै विषयहरू हाम्रो न्यायिक रडार (judicial radar) भित्र पर्ने विषयहरू हुन्[61]। अदालतहरूले कानूनको औचित्यमा प्रश्न नउठाएपनि उपयुक्त विधायिकि नीति यस्तो हुनु वाञ्छनीय हुन्छ भन्न सक्ने नै हुन्छन्। संविधानले अंगिकार गरेको नीति अनुरुप कानून बनेको छैन भने न्युनतमरुपमा पनि यी शर्तहरू पूरा गर्ने कानून बनाउनू भनी निर्देश गर्नु संविधानको अभिभावकको नाताले अदालतको कर्तव्य पनि हो।

६९. दलित अधिकारको सन्दर्भमा नीति र न्यायको कुरा किन महत्वपूर्ण हुन्छ भने एक्काइसौं शताब्दीमा पनि धर्म, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै जातीय आधारमा मानिसले मानिसलाई भेदभाव गर्छ वा छुवाछुतको व्यवहार गर्छ, अपहेलना गर्छ वा प्रताडना दिन्छ, उनीहरूको निरन्तर शोषण हुन्छ, उनीहरू निरन्तर गरीबीमा पिसिएर रहन्छन्, व्यक्तिगत र सामुहिक उन्नतिका अवसरहरूबाट वञ्चित हुन्छन् भनिनु कुनै हिसाबले पनि नेपाल राष्ट्र र नेपाली समाजलाई सुहाउने कुरा होइन। जातीय भेदभाव तथा छुवाछुत (धारा २४) र दलित अधिकार (धारा ४०) सम्बन्धमा व्यवस्था गर्दा संविधान निर्माताहरूले यस तर्फ दृष्टि पुऱ्याएको नै देखिन्छ। शिक्षामा छात्रवृत्ति, स्वास्थ्य सुरक्षामा विशेष व्यवस्था, भूमिहीनको लागि जमीन, आवासविहीनको लागि बसोवासको व्यवस्था गर्दा शदियौं देखि भएको विभेद र वञ्चनालाई विशेष गरेर ध्यान दिई परिपूरणात्मक न्याय (Reparative Justice) का मान्यतालाई दृष्टिगत गरेको र नेपाली समाजलाई समता, समानता, र समावेशीताको मार्गमा हिंडाउने जमर्को गरेको देखिन्छ। तसर्थ संविधानले प्रचलनीय हक भनी प्रत्याभूत गरिसकेको अवस्थामा राज्यको आर्थिक क्षमता वा स्रोत साधनको सीमितता देखाएर हक अधिकारको कार्यान्वयनमा कागजी रुपमा केहि ऐनहरू निर्माण गरी

[61] अमर्त्य सेनको विचारमा न्याय प्राप्त गरिने र अनुभूत गरिने विषय हो। उनी भन्छन: "Nyaya is not just a matter of judging institutions and rules, but of judging societies themselves- no matter how proper the established organizations might be, if a big fish could still devour a small fish at will, then that must be a patent violation of human justice as Nyaya. Amartya Sen, **The Idea of Justice, 2009 at p 20**

यथार्थमा हकहरूको उपयोगको विषयमा न्यूनतम कार्य पनि नगरी राज्य उम्कने र यस्तो गम्भीर विषयमा अदालत निस्कृय रहने भन्ने नै हुँदैन। संविधानले समाजवाद उन्मुख राज्य व्यवस्था अंगिकार गरेको सन्दर्भमा भुँई सतहबाट काम शुरु गर्न र जनताको सबैभन्दा कमजोर वर्गको जीवन निर्वाहको हक (Subsistence Right) सुनिश्चित गर्दै प्रतिष्ठापूर्ण जीवनको हकको सम्मान र उपभोगको प्रत्यभूति गर्ने तर्फ राज्य संयन्त्र परिचालित हुनु वान्छनीय हुन्छ ।

७०. जहाँसम्म संविधानद्वारा प्रत्याभूत हकहरूको प्रभावकारी कार्यान्वयनको लागि के कस्तो आदेश जारी गर्नु उपयुक्त हुन्छ भन्ने प्रश्न छ, निवेदकको मुख्य जिकिर संविधान वर्णित दलित अधिकार सम्बन्धी व्यवस्थालाई कार्यान्वयनका लागि यथेष्ट र प्रभावकारी कानून निर्माण नभएको कारण धारा ४० को उपधारा (१) मा उल्लेखित समानुपातिक समावेशी सिद्धान्त अनुसार सहभागिता तथा प्रतिनिधित्वलाई कार्यान्वयन गर्नका लागि प्रचलनमा रहेका संविधान विपरित ऐन, कानून तथा नियमहरू बदर गर्न वा संविधानसम्मत संशोधन गर्न र धारा ४० को उपधारा (२) देखि (७) सम्म उल्लेख गरिएका मौलिक हक कार्यान्वयनको लागि एकिकृत दलित अधिकार ऐन निर्माणका लागि विपक्षीहरूको नाममा परमादेश जारी गरी पाऊँ भन्ने रहेको देखिन्छ। रिट निवेदनमा आरक्षणको व्यवस्था जनसंख्या अनुरुप छैन भन्ने बाहेक धारा ४०(१) को सन्दर्भमा विद्यमान कानूनहरू के कसरी संविधान विपरित छन् भन्ने विषयमा कुनै कुरा स्पष्ट गरिएको छैन। अमुक कानून संविधान विपरित छ भन्ने नभएसम्म संविधान अनुकुल नै छ भनी अनुमान गर्नुपर्ने हुन्छ। ऐन एउटा वा एक भन्दा धेरै बन्नुपर्छ भन्ने कुरा विषयवस्तु र विधायिकि रणनीतिले निर्धारण गर्ने विषय हो। तर निर्मित ऐनहरूले संवैधानिक लक्ष्यलाई सार्थक रुपमा पछ्याउछन् वा पछ्याउदैनन्, त्यसै गरी ऐनको कार्यान्वयनमा अन्तर निकाय समन्वयबारे व्यवस्था गरिएको छ वा छैन, दलित अधिकारसँग सम्बन्धित समग्र कानूनी व्यवस्थाहरू उद्देश्यमूलक र परिणाममुखी छन् वा छैनन् र सो बनाउने जिम्मेदारी कसले लिएको छ, दलित अधिकारसँग सम्बन्धित नीति, कानून र कार्यान्वयन योजना सम्बन्धी निर्णय प्रकृयामा उनीहरूको सहभागिता छ वा छैन भन्ने कुराले त्यसको प्रभावकारितामा असर गर्छ। हाम्रो बारेमा कुनै कार्य गर्दा हाम्रो सहभागिता वेगर गरिनु

हुँदैन (Nothing about us without us) भन्ने सहभागिता र समावेशिताको सिद्धान्तमा अन्तरनीहित संवैधानिक मर्मलाई नीति निर्माणको तहदेखि नै मनन् र अनुशरण गरिनु आवश्यक देखिन्छ।

७१. नेपालको अन्तरीम संविधानले भन्दा वर्तमान संविधानले आरक्षणको लागि योग्य समुह थप गरेको सन्दर्भमा शिक्षामा आरक्षण बारे *विनयकुमार पञ्जियार*को रिट निवेदनमा **"चिकित्सा शिक्षा र अन्य शिक्षामा समेत सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि शिक्षाको गुणस्तरमा सम्झौता नहुने गरी के कस्तो नीति, कानून र संस्थागत व्यवस्था बनाइनु समानता, समता र सहभागिताको दृष्टिबाट उचित हुन्छ भन्ने विषयमा वृहत रुपमा अध्ययन र छलफल गरी संविधानको शब्द, भावना र मर्म अनुरुप यथाशिघ्र उपयुक्त नीतिगत र कानूनी व्यवस्था गर्नू, गराउनू"** भनी प्रधानमन्त्री तथा मन्त्रीपरिषद कार्यालय समेतका नाममा निर्देशनात्मक आदेश जारी भैसकेको अवस्था छ[62]। सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि सकारात्मक व्यवस्था गरिंदा शिक्षाको साथै रोजगारीको पक्ष समेत उपर विचार गर्न सकिने हुँदा त्यसबारेमा एकैसाथ यो विषयलाई पनि हेर्नु भन्ने बाहेक अलग्गै आदेश जारी गर्नुपर्ने आवश्यकता देखिदैन। अर्थात्, नीति र कानून निर्माणको तहमा यी कुराहरूबारे एकैसाथ सम्बोधन गर्न सकिने हुँदा प्रस्तुत विवादमा धारा ४० को उपधारा (१) को विषयलाई लिएर ऐनहरूको संवैधानिकताको विषयमा अहिले नै प्रवेश गरिरहनु आवश्यक पनि देखिएन। तर यहाँ संविधानको धारा ४०(२) को व्यवस्थाको सन्दर्भमा दलित विद्यार्थीको हकमा भनिनुपर्ने थप कुरा के छ भने उनीहरू गरीबीको कारण विद्यालय तहमा नै पढाई छाड्न बाध्य हुने अवस्थालाई मध्येनजर गर्दा छात्रवृत्तिको साथै छोराछोरीहरुलाई विध्यालय पठाउन र पढाईमा निरन्तरता कायम गराउन बावुआमा प्रोत्साहित हुने गरी सम्बन्धित विद्यालय मार्फत पारिवारिक आर्थिक सहायता सहित छात्र छात्राहरूकोलागि शैक्षिक तथा जीवन निर्वाह खर्च (educational and maintenance cost) पुग्नेगरी प्राथमिक तह देखि उच्च शिक्षा प्राप्त गर्ने अवस्थासम्म शिक्षा आर्जन गर्न व्यवहारिकरुपमा पुग्ने गरी

62 डा. विनयकुमार पञ्जियार वि. चिकित्सा शिक्षा आयोग समेत ०७७-WO-०२३७ निर्णय मिति २०७७।९।१।४

छात्रवृत्तिको व्यवस्था र व्यावसायिक उच्च शिक्षामा प्रयोगशाला, पाठ्यपुस्तक र छात्रावासको खर्च समेत बेहोर्न सकिने गरी छात्रवृत्तिको विशेष व्यवस्थागर्ने सम्बन्धमा वार्षिक वजेट सहित  शैक्षिक क्षेत्रमा उपयुक्त नीति, कानून र संस्थागत व्यवस्थाको प्रवन्ध मिलाइनुपर्ने हुन्छ। त्यस निम्ति संविधानका समग्र व्यवस्था अर्थात् धारा १८(३) को प्रतिबन्धात्मक व्यवस्था, धारा ४० र धारा ४२ समेतका व्यवस्थाहरूको भावना र मर्म अनुसार न्यायपूर्ण व्यवस्था गर्न सबै सरोकारवालाहरूसँग छलफल र परामर्ष गरी अघि बढ्नु आवश्यक देखिन्छ।

७२. रिट निवेदनमा "जातीय विभेद तथा छुवाछूत" ले पारेको प्रभावबारे चर्चागरे पनि संविधानको धारा २४ को व्यवस्थाको प्रभावकारिता बारेमा खासै जिकिरहरू गरिएको छैन। तर धारा २४ मा छुवाछुतको मात्र कुरा नगरी जातीय भेदभावको बिषय समेत परेको र यी दुवै कुराहरूबाट दलित समुदाय प्रताडित हुँदा दुवै संवैधानिक व्यवस्थाहरूको प्रभावकारिताको प्रश्न अन्योन्याश्रित रुपमा जोडिएको भन्नेमा द्विविधा छैन। साथै वर्तमान संविधानले अन्तरिम संविधानमा उल्लेख भएका "जात, वंश, समुदाय वा पेशा" भन्दा अघि बढेर "उत्पत्ति, जात, जाती, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा निजी वा सार्वजनिक स्थानमा" कुनै प्रकारको भेदभाव र छुवाछुत गर्न नपाइने व्यवस्था गरेको, त्यसै गरी "कार्यस्थलमा" हुने छुवाछुत वा भेदभावलाई पनि समेटिएको र "सबै प्रकारका छुवाछुत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराध" मानेको अवस्था छ। तसर्थ यस सन्दर्भमा अन्तरिम संविधानको व्यवस्थालाई दृष्टिगत गरी जारी भएको जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ र त्यसै गरी मुलुकी अपराध संहिताका व्यवस्था समेतको पुनरावलोकन भै वर्तमान संविधानद्वारा प्रत्याभूत गोप्यताको हक लगायत समग्र मौलिक हक सम्बन्धी व्यवस्थाहरू, तिनका दायरा र अन्तरसम्बन्धबीच व्यवहारिक तालमेल (Practical Concordance) मिलाउँदै अन्तराष्ट्रिय मानव अधिकार कानून तथा श्रम सम्बन्धी कानून[63] समेतको व्यवस्थाको रोहमा पुनरावलोकन गरिनुपर्ने देखिन्छ।

[63] नेपालको संविधान, धारा २४, २७, २८, २९,३७, ३३, ३४, ३५, ३६, ३७, ३८, र ४०, ४१, ४२, ४३, ४४ का व्यवस्था (तिनका अन्तर-सम्वन्ध, एक आपसमा खप्टिएका कुराहरूका सन्दर्भमा), जातीय भेदभाव सम्वन्धी महासन्धी (ICERD) १९६५,

७३. जातीय भेदभाव र छुवाछुत सम्बन्धी विषयमा न्यायमा पहुँचको स्थिति सन्तोषजनक नरहेको परिप्रेक्ष्यमा त्यसमा सुधार ल्याउन जाहेरी दरखास्तको दर्ता, अनुसन्धान, अभियोजन समेतलाई प्रभावकारी बनाउन नेपाल प्रहरी र महान्यायाधिवक्ताको कार्यालय समेतको सहभागितामा संघ र प्रदेश तहमा समेत विशेष ब्युरो गठन गरी दलित आयोग वा प्रदेश तहमा जारी भएका दलित सशक्तिकरण ऐन अन्तर्गतका संरचनाहरूको सहभागिता र संलग्नतालाई प्रोत्साहित गरी अनुसन्धानमा निष्पक्षता एवं व्यावसायिकतालाई प्रवर्धन गर्ने कानूनी र संस्थागत व्यवस्था मिलाइनु वाञ्छनीय देखिन्छ।

७४. संविधानले छुवाछुतलाई दण्डनीय बनाएपछि मुलुकी ऐनले तोकेको सजायको उपयुक्तताको साथै वर्तमानमा जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ ले गरेको दण्डसम्बन्धी व्यवस्थाको प्रभावकारिताको विषयमा यस अदालतमा शुरुमा *मन बहादुर विश्वकर्मा*को रिट निवेदन[64] लगायत विभिन्न कालखण्डमा विभिन्न रिट निवेदनहरू परेको देखिन्छ। उदाहरणको लागि *श्याम कुमार विश्वकर्माको रिट निवेदनमा*[65] "ऐनको व्यवस्था कार्यान्वयन गर्ने नियमावली जारी गर्नू" भन्ने, त्यसैगरी *रत्न बहादुर वाग्चन्दको रिट निवेदन*[66] मा "समाजमा व्याप्त रहेको कुरीति सिर्फ कानून बनाएर मात्र जान नसक्ने हुँदा अशिक्षाको कारणले समाजमा देखिरहेको कुरीति हटाउनलाई चेतना अभिवृद्धि गर्ने खालका उद्देश्यमूलक कार्यक्रम लागू गरी जनचेतना अभिवृद्धि गर्ने तर्फ प्रभावकारी कदम चाल्न निर्देशनात्मक आदेश जारी" भएको देखिन्छ। त्यसै गरी *विमल विश्वकर्माको रिट निवेदनमा*[67] "लामो समयदेखि व्याप्त रहेको छुवाछुत प्रथाको अन्त्यको लागि जनचेतनामूलक कार्य "नेपाल सरकार, सरकारका निकाय, स्थानीय निकाय, नागरिक समाज, संघ संगठन एवं चेतनशील

---

**यसको समान्य टिप्पणी नं २९, Draft Principles and Guidelines on Work and Descent based Discrimination, ILO Convention 111 (1958) यस सन्दर्भमा विशेष हेरिनुपर्ने व्यवस्था देखिन्छन।**

[64] मन बहादुर विश्वकर्मा वि. कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, ने.का.प. २०४९ नि.नं ४६७० पृ १०१०, साथै हेर्नुहोस रत्न बहादुर वाग्चन्द समेत वि. प्रधानमन्त्री तथा म.प.स. समेत, मानव अधिकार तथा लैङ्गिक न्याय भाग ३ दोस्रो भाग २०६६ पृ १६३

[65] श्याम कुमार विश्वकर्मा समेत वि. प्र.म. तथा म.प.का. समेत ने.का.प. २०७३ निन ९६३६ पृ १३२०

[66] रत्न बहादुर वाग्चन्द समेत वि. प्रधान मन्त्री तथा मन्त्री परिषदको कार्यालय समेत, सार्वजनिक कल्याण सम्वन्धी पहिलो भाग (२०१५-६२) भाग ८ पृ ३०१

[67] विमल विश्वकर्मा समेत वि. प्रधानमन्त्री तथा मन्त्री परिषद कार्यालय समेत नेकाप २०६४ निन ७८१५ पृ १४७

नागरिकहरूको" तहबाट समेत जातिपातिको आधारमा गरिने छुवाछुत र भेदभाव अन्त्य गर्नको लागि **जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नू** भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी" भएको अवस्था छ। छुवाछुत मात्र होइन जातीय विभेदका विरुद्ध पिछडिएका समुदायका जनताको उत्थानको लागि पनि जनचेतनामूलक र शैक्षिक कार्यक्रम सहित विस्तृत र सार्थक हस्तक्षेपलाई अदालतले महत्व दिएको अन्य दृष्टान्तहरू पनि छन्[68]। जातीय विभेद विरुद्ध कडा दृष्टिकोण प्रस्तुत गर्दै सर्वोच्च अदालतले *सत्येन्द्र झाको मुद्दामा*[69] कथित उपल्लो जात र तल्लो जातका केटा केटी बीच भएको प्रेम सम्बन्धलाई अस्वीकार गर्दै हत्याको तहसम्म पुगेकोमा साविक मुलुकी ऐन अ.वं. १८८ को प्रयोग गर्न अस्वीकार गरेको अवस्था छ। तसर्थ, नीति र कानूनको पुनरावलोकनको क्रममा अदालतले गरेका आदेश निर्देशहरू समेतलाई दृष्टिगत गरी जातीय विभेद र छुवाछुत विरुद्ध सघनरुपमा शैक्षिक एवं जनचेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्नु वाञ्छनीय देखिन्छ।

७५. नेपालको संविधानको धारा ४० द्वारा प्रत्याभूत हकहरूको प्रभावकारी कार्यान्वयनको सन्दर्भमा सर्वप्रथम राज्यले सार्थक हस्तक्षेप गर्नुपर्ने जनसंख्या यकिन हुनु अनिवार्य हुन्छ। महिला, दलितहरूको हकमा संविधानले नै मानव विकास सुचकाङ्कलाई आधार मानी प्रत्येक दश वर्षमा उनीहरूको हक अधिकारको कार्यान्वयनको पुनरावलोकन गर्ने व्यवस्था गरेको र सीमान्तीकृत जनताको पहिचान पनि मानव विकास सुचकाङ्कको आधारमा गर्ने प्रावधान राखेको कुरा माथि परेकै छ[70]। दश वर्षमा गरिने जनगणनाले देखाउने दलित समुदायको आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्य, रोजगारी, परम्परागत पेशा, ज्ञान, सीप र प्रविधि, भूमिहिनता, बसोवास आदि विषयमा आधारभूत तथ्याङ्क राखिनु वर्तमान विज्ञान र प्रविधिको युगमा कुनै असम्भव कुरा होइन। यसले राज्यको तहबाट निर्माण गरिने योजनाको स्वरुप, विस्तार र लक्षित व्यक्ति र परिवार पत्ता लगाउन, सकारात्मक हस्तक्षेप र त्यसको प्रभावबारे आँकडा

---

[68] सोम प्रसाद पनेरु वि. प्र.म. तथा म.प.का. समेत नेकाप २०६३ नि.न. ७७०५ पृ ६३१(कमलरी श्रमको निषेध विषयमा पाठ्यक्रम सुधार गर्नु); टेक ताम्राकार समेत वि. मपस समेत सार्वजनिक कल्याण सम्वन्धी पहिलो भाग (२०१५-६२) पृ ३२३(वादी समुदायको उत्थान र विकासको लागि प्रतिवेदन कार्यान्वयन गर्नु); डिल वहादुर विश्वकर्मा वि. मपर्स समेत संवैधानिक कानून पहिलो भाग (२०१५-६२) भाग १० ख पृ ३७६(दलित विध्यार्थीलाई संस्कृत शिक्षा); मोहन सासंकर वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत नेकाप २०६७ निन ८३७९ पृ ८४८(संसक्त छात्रावासको व्यवस्था)

[69] सत्येन्द्र झा वि. नेपाल सरकार नेकाप २०६८ निन ८६८५ पृ १५२३

[70] नेपालको संविधान धारा २५९(१)(छ), धारा २८१, धारा ३०६(१)(ड)

राख्न, संघ, प्रदेश र दोहरो पर्ने स्थितिको अन्य गर्दै सामाजिक न्यायको पहुँचमा बढि भन्दा बढि जनतालाई समेट्न तथा कार्यान्वयनमा सुशासन कायम गरी श्रोत र साधनको चुहावट रोक्न चुस्त र दुरुस्त व्यवस्था गर्न मद्दत गर्छ। वर्तमान परिस्थितिमा राष्ट्रियरुपमा नै तथ्याङ्कहरू लिई व्यवस्थित रुपमा र उच्च प्राथमिकता दिई दलित अधिकारका विषयहरू उपभोगयोग्य बनाउन सकेमा मात्र धारा ४० द्वारा प्रत्याभूत हकहरूको प्रचलनमा प्रभावकारी अवस्था बन्ने हुन्छ।

७६. धारा ४० ले प्रत्याभूत गरेका हकहरू बारे कुरा गर्दा नेपालमा दलित समुदायले बेहोर्नु परेको भूमिहीनता र बसोवासका समस्यालाई विशेष दृष्टि दिइएको कुरालाई गम्भीरतापूर्वक लिइनुपर्ने हुन्छ। यी दुई समस्याहरू बारे हलियाहरूको हक अधिकार सम्बन्धी *डुमरे कामीको रिट निवेदनमा* [71] यस अदालतले उनीहरूको "बसोवासको न्युनतम आवश्यकता पुरा गर्न भुकम्प प्रतिरोधी घर, खेतीको लागि उनीहरूलाई सुविधा पुग्ने ठाँउमा खोलो पहिरोको जोखिम नभएको र राम्रो उर्वराशक्ति भएको खेतियोग्य जग्गा प्रदान गर्ने, आय आर्जनका अवस्थाहरू सिर्जना गर्ने, सो नभएसम्म र जग्गाबाट उब्जनी नआएसम्मको अवधिको लागि पोषणयुक्त खाद्यान्न उपलब्ध गराउने र स्वास्थ्यको सुरक्षा र छोराछोरीको शिक्षा दिक्षाको प्रबन्ध समेत मिलाई पारदर्शी हिसाबले समस्त कार्यहरू... सम्पन्न गर्नू" भनी परमादेशको आदेश जारी भएको अवस्था छ। धारा ४० को उपधारा (५) मा वर्णित जमिन उपलब्ध गराउने र उपधारा (६) मा वर्णित बसोवासको हकको विषयमा उक्त निर्णय निर्देशात्मक महत्वको हुन सक्छ। विद्यमान भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२क. को उपदफा (१) मा नेपाल सरकारले भूमिहीन दलितलाई एक पटक तोकिए बमोजिम तीन वर्ष भित्र जमिन उपलब्ध गराउनेछ भन्ने उल्लेख भएको कुराले निराशालाई मात्र जन्माएको छ। संविधानले ऐन देखाउने, ऐनले पनि फेरि "तोकिए बमोजिम" भन्ने कुराले कहिँ पुर्‍याउँदैन। सम्भवतः यहि कारणले संविधान बनेको छ वर्षसम्म दलित समुदायको भूमिहीनताको समस्या जहाँको त्यहिँ रहेको अवस्था छ। तसर्थ हक अधिकारको कार्यान्वयनमा रहेको यो उदासिनतालाई तत्काल तोडिनु आवश्यक देखिन्छ। दलितहरू देशैभरि छरिएर रहेको अवस्थामा कुन क्षेत्रको व्यक्तिलाई कहाँ

[71] डुमरे कामी समेत वि. नेपाल सरकार, प्र.म. तथा म.प.का समेत नेकाप २०७५ नि.न. ९९९१ पृ ७०९

पायक पर्छ, सम्बन्धित क्षेत्रमा माटोको उर्वराशक्ति के कस्तो छ, कति बाली लाग्न सक्छ, के कति जमिन प्रदान गरिँदा जमिन प्राप्त गर्ने भूमिहीन दलितको प्रतिष्ठापूर्ण जीवन सुनिश्चित हुन सक्छ भन्ने हेरी उनीहरूको सहभागितामा जमिन र बसोवासको प्रवन्ध गर्ने, उनीहरूको आर्थिक अवस्था स्थीर नभएसम्मको संक्रमणकालीन अवस्थाको लागि खाद्य, औषधि आदिका सुविधाहरू समेत जुटाइनु पर्ने हुँदा सो तर्फ समेत नीति निर्माताहरूको ध्यान गई योजनावद्दरुपमा कार्य हुनु अनिवार्य देखिन्छ। साथै ऐनमा जमिन र बसोवासको व्यवस्था गरिंदा सम्बन्धित प्रदेश र स्थानीय तहमा समेत दलित समुदायका व्यक्तिहरूको स्वास्थ्य सेवामा सहज पहुँचको लागि स्वास्थ्य बीमा र सामाजिक सुरक्षाको विशेष प्रवन्ध गर्ने विषयमा समेत नीति र कानूनमा विशेष व्यवस्था गरिनु आवश्यक देखिन्छ।

७७. संविधानको धारा ४० को उपधारा (४) ले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिइनुपर्ने कुरालाई स्वीकार गरेकोमा यस विषयलाई विद्यमान कानूनले सम्बोधन गर्न सकेको पाइँदैन। अधिकांश उद्योग तथा व्यवसाय निजी क्षेत्रमा रहेको कारण यसको यो हकको कार्यान्वयनमा निजी क्षेत्रको समेत सहयोग र सहभागिता जरुरत हुन्छ। संविधान राज्य र जनता बीचको सम्बन्ध मात्र नभै जनता जनता बीचको सम्बन्धको पनि सेतु हो। संविधान प्रदत्त हकको सम्मान गर्दिन भन्न कसैले पनि मिल्दैन। तर यो सम्बन्धको रेखा हकहरूको समग्रताको बीचमा मात्र कोरिन सक्छ। धारा ४०(४) द्वारा प्रत्याभूत हकको प्राथमिकताको विषय निजी सम्पत्ति, व्यवसाय गर्ने हक लगायतका थुप्रै हकहरूसँग उचित तालमेल गरेर मात्र कार्यान्वयन गर्न सकिने हुन्छ। हाल केहि प्रदेशहरूमा दलित सशक्तिकरण ऐनहरू जारी भएको अवस्था छ तर यसबारेमा सारभूत रुपमा कार्य हुन सकेको भने नपाइँदा यी विषयहरूमा समेत नीति र कानून, कार्यान्वयनको योजना समेत बन्नुपर्ने देखिन्छ। साथै परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने सन्दर्भमा दलित समुदायलाई लक्षित गरी उनीहरूको आर्थिक सवलीकरण, उन्नती र उद्यमशीलताको विकासको लागि निर्णय प्रकृया र कार्यान्यनमा समेत उनीहरूको अर्थपुर्ण र सक्रिय सहभागिता रहने गरी स्थानीय तहमा समुहगत कार्यक्रमको तर्जुमा गरी इच्छुक समयदायका युवाहरू मार्फत उद्यमशीलता,

उद्योग र व्यवसायमूलक तालिम प्रदान गरी व्यवसाय स्थापनार्थ अनुदान समेत उपलब्ध गराउने तर्फ योजनावद्दरुपले कार्य गर्नु वाञ्छनीय देखिन्छ।

७८. दलित अधिकारको कुरा गर्दा वहु-विभेदको (multiple discrimination) पनि कुरा उठ्छ। यसमा विशेषतः महिला र मधेशी दलितहरूको चर्चा हुन्छ। उदाहरणको लागि मधेसी समुदाय भित्रको पनि दलित महिलालाई लिन सकिन्छ । दलित हुनु, मधेशी हुनु, मधेशी दलित महिला हुनुले यस्तै वहु-विभेदलाई संकेत गर्छ; पहिचानको समस्याले वहु-विभेदलाई अरु जटिल बनाउँछ। धारा ४० को उपधारा (७) ले सुविधाहरू वितरण गरिदा समानुपातिकताको आधारमा न्यायोचित वितरण गरिनुपर्ने कुरा गरेपनि यस विषयमा कानून र कार्यान्वयनको तहमा खासै काम हुन सकेको पाइँदैन। समानुपातिकताको व्यवस्था दलित समुदाय भित्रै पनि आर्थिक, शैक्षिक, र मानव विकास सुचकाङ्कको आधारमा पीँधमा रहेका लिङ्ग, जात र समूहको प्राथमिकिकरण गरी र पहिचान भएको दलित समुदायको पहाड र तराईमा रहेको जातीय अनुपातलाई समेत दृष्टिगत गरी गर्न सकिने हुन्छ। धारा ४०(७) को कार्यान्वयन गर्ने सन्दर्भमा नीति, कानून र कार्यान्वयन योजना बनाउदा यसतर्फ दृष्टि दिनु आवश्यक देखिन्छ।

७९. संविधानले नै दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण गरी तत् सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषय पहिचान गर्न, सम्बन्धित कानूनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन समेत गर्नको लागि राष्ट्रिय दलित आयोगको व्यवस्था गरेको कुरा माथि उल्लेख भएकै छ। सो आयोगले आवश्यकता अनुसार प्रदेशमा समेत आफ्नो कार्यालय स्थापना गर्न सक्ने अवस्था रहेको[72] र राष्ट्रिय दलित आयोगले अन्य आयोगहरूसँग समेत समन्वय गर्न सक्ने नै हुन्छ। सविधानमा वर्णित दलित अधिकारका कतिपय विषयहरू संघ, प्रदेश र स्थानीय तहको अधिकारक्षेत्रमा पर्ने देखिएको समेत सन्दर्भमा आयोगले तीनै तहका सरकारहरूसँग समन्वय गर्न र सहयोग लिन सक्ने हुँदा तथ्याङ्क संकलन देखि नीति, कानून र संस्थागत व्यवस्थाको साथै हक अधिकारको प्रभावकारी कार्यान्वयनको अनुगमनसमेतको लागि नेपाल सरकारको तहमा उपयुक्त निर्णय गरी

[72] नेपालको संविधान धारा २५५, २५६

राष्ट्रिय दलित आयोगलाई एउटा सहकारी निकायको रुपमा स्वीकार गरी धारा ४० का हक अधिकारहरूको प्रभावकारी कार्यान्वयन को व्यवस्था गर्नु वाञ्छनीय देखिन्छ।

८०. तसर्थ, माथि प्रश्न नं १ देखि ५ मा उल्लिखित प्रश्नहरूको निरुपणको क्रममा उल्लेखित आधार र कारणहरूबाट संविधानको धारा २४ तथा धारा ४० द्वारा प्रदत्त हकको प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमा प्रश्न नं ६ को निरुपणको क्रममा माथि उल्लेखित कुराहरूलाई मध्येनजर गर्दै तथ्याङ्क संकलन देखि, वृहत नीति निर्माण, सो नीतिको आधारमा कानूनहरूको पुनरावलोकन, नीति र कानून अनुरुप योजना निर्माण, बजेटको व्यवस्था र उचित समन्वय सहित संस्थागत अगुवाईको समेत आवश्यकता पर्ने देखिंदा निवेदकले जिकिर लिएजस्तो एकिकृत दलित अधिकार ऐनले मात्र जातीय विभेद तथा छुवाछुत एवं दलित अधिकारको प्रभावकारी कार्यान्वयनको आवश्यकता सम्बोधन हुने अवस्था रहेन। कतिपय क्षेत्रमा नीति शून्यताको स्थिति रहेको समेतबाट माग भए बमोजिम परमादेशको आदेश जारी गर्नु उचित र आवश्यक देखिएन। परमादेशको आदेश जारी गरिपाँऊ भन्ने रिट निवेदन खारेज हुने ठहर्छ। तर *विनय कुमार पञ्जियार*को रिट निवेदनमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद कार्यालय समेतका नाममा निर्देशनात्मक आदेश जारी भैसकेको अवस्था समेतलाई मध्येनजर गरी र माथि विभिन्न प्रकरणमा उल्लेखित कुराहरूलाई दृष्टिगत गर्दै संविधानले व्यवस्था गरे बमोजिम दलित समुदायको हक अधिकारको कार्यान्वयनमा नीति निर्माण, कानूनको पुनरावलोकन र सुदृढिकरण, योजना, बजेट, कार्यान्वयन प्रणाली र प्रकृया समेत निर्धारण गरी योजनावद्द रुपमा कार्य गर्नु आवश्यक हुँदा र संविधानले नै यस विषयमा अग्रणी संस्थाको रुपमा राष्ट्रिय दलित आयोगलाई स्वीकार गरेको पाइएबाट आयोगको सहकारिता र समन्वयलाई प्राथमिकता दिई यस विषयमा आदेश प्राप्त मितिले तीन महिना भित्र उपयुक्त संयन्त्र गठन गरी सो संयन्त्र मार्फत कार्य प्रारम्भ गरी नेपालको संविधानको धारा २४ तथा धारा ४० द्वारा प्रत्याभूत हकहरूको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवालाहरूको परामर्षमा विध्यमान नीति र कानूनको पुनरावलोकन, सुधार र सुदृढिकरण गर्दै अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्य र समय-सारिणीको निर्धारण, वार्षिक बजेट विनियोजन तथा मानव स्रोत साधनको समेत व्यवस्था गरी दलित समुदाय र सो समुदायका व्यक्तिका

समानता, विभेदहिनता, समता, समावेशीता, सहभागिता सम्बन्धी हक अधिकारको प्रचलन र समाजिक न्याय सुनिश्चित हुने आवश्यक प्रवन्ध गर्नू, गराउनू भनी नेपाल सरकार र विपक्षीहरूका नाममा निर्देशनात्मक आदेश जारी गरिएको छ। आदेशको कार्यान्वयनको अनुगमनको लागि यस अदालतको फैसला कार्यान्वयन महानिर्देशनालयलाई लेख्नु, साथै आदेशको जानकारी विपक्षीहरूलाई गराउन र आदेशको कार्यान्वयन एवं अनुगमनको सन्दर्भमा नेपाल सरकार, सरकारका सरोकारवाला मन्त्रालयहरू, निकायहरू तथा संविधानद्वारा स्थापित आयोगहरू समेतसँग आवश्यक समन्वय गर्न गराउन संविधानको धारा १५८ बमोजिम महान्यायाधिवक्ताको कार्यालयलाई लेखी प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी आदेश विद्युतीय प्रणालीमा अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृत: करूणा श्रेष्ठ
अनुसन्धान सहयोगः रंजना विश्वकर्मा, रक्षाराम हरिजन, श्रेया संजेल
कम्प्युटर टाईप गर्ने : पद्मा आचार्य
इति सम्वत् २०७७ साल चैत्र ६ गते रोज ६ शुभम्.............................................।